# हाम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन


शोधार्थी

जायश्वर जैसी

परीक्षा क्रमाङ्क ३१९००२४/०६९

त्रि.वि. दर्ता नं. ६-१-५४-२४०-२००४


त्रिभुवन विश्वविद्यालय, स्वर्गद्वारी बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पत्रको प्रयोजनका लागि प्रस्तुत

शोधपत्र

२०१८


नेपाली भाषा शिक्षा विभाग

स्वर्गद्वारी बहुमुखी क्याम्पस,

प्यूठान

# प्रतिज्ञा- पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत **नेपाली शिक्षा** मुख्य विषय लिई स्नातकोत्तर तह एम.एड्. दोस्रो वर्षको छात्र म जायश्वर जैसीले **हाम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोध तयारीको लागि प्रकाशित तथा अप्रकाशित पुस्तकहरू, पत्रपत्रिकाहरू, अनुसन्धान कार्य अध्ययन प्रतिवेदन, जर्नलहरू तथा विज्ञहरूको सल्लाह सुझावहरू यस अध्ययनमा द्वितीय स्रोतका रूपमा उपयोग गरेको छु । यी माथिका समग्रीहरू यस सोधमा स्रोत र सन्दर्भका रूपमा प्रयोग गर्ने बाहेक अरूले लेखेको शोधलाई हुबहु नक्कल गरेको छैन । यदि गरिएको पाइएमा यो शोधलाई बदर गरेमा मेरो सहमति छ ।

...................

शोधार्थी

जायश्वर जैसी

त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र सङ्काय

# स्वर्गद्वारी बहुमुखी क्याम्पस

## प्यूठान

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री जायश्वर जैसीले नेपा.शि. ५९८ पत्रको प्रयोजनको लागि **हाम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनशील भई तयार पारिएको यस शोत्रपत्रदेखि म अत्यन्तै सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभावसमक्ष सिफारिस गर्दछु ।

.........................

उप.प्रा. रामकृष्ण शर्मा

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

स्वर्गद्वारी बहुमुखी क्याम्पस

प्युठान

# कृतज्ञता ज्ञापन

हाम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको अनिवार्य पत्रको उद्देश्य परिपूर्ति गर्नको लागि तयार पारिएको हो । यो अध्ययन **हम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा विभिन्न विद्वान अग्रज र आवश्यक वातावरण मिलाएर शोध अवधिभर निरन्तर रूपमा महत्त्वपूर्ण सल्लाह, निर्देशन र सुझावहरू दिई सुरूदेखि अन्त्यसम्म सहयोग गर्नुहुने शोध निर्देशक उप. प्रा. श्री रामकृष्ण शर्मा ज्यूप्रति सर्बप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अध्ययनको क्रममा सल्लाह सुझाव दिनुहुने स.प्रा. श्री विमला खनाल र केही सन्दर्भ सामग्री उपलब्ध गराइदिनुहुने गौमुखी माद्ययमिक विद्यालयका शिक्षक श्री उपेन्द्रप्रसाद न्यौपाने, दाजु नरनारायण न्यौपाने, अङ्ग्रेजी भाषामा रहेको केही सामग्री नेपाली भाषामा रुपान्तरण गरी सहयोग गर्ने विद्यालयका शिक्षक श्री दीपक एम.सी., लोकोन्द्र जि.सी. र गोपाल के.सी.प्रति कृतज्ञता प्रकट गर्दछु । त्यस्तै अध्ययनका सिलसिलामा पारिवारिक वातावरण मिलाइदिनु हुने आमा तारादेवी जैसी, हौसला र प्रेरणासहित कम्प्यूटर टाइपमा सहयोग गर्ने जीवन सङ्गिनी मञ्जु न्यौपाने, भाइहरू खिममलाल आचार्य र भरत आचार्य, बुहारी सरिता पोखेलप्रति सहृदयी धन्यवाद दिन चाहन्छु ।

..............

जायश्वर जैसी

स्वर्गद्वारी बहुमुखी क्याम्पस,

प्यूठान

# शोधसार

हाम्रो एकता साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त नेपाली भाषाको अध्ययनमा समचारको स्वरूप, आकार, प्रकार र विषय क्षेत्रका साथै समाचारमा नेपाली भाषाको वाक्य ढाँचा र वाक्यकोटि पहिल्याउनु प्रकाशित भएका समाचारमा प्रयोग भएका भाषिक कोड मिश्रणको अवस्था पहिचान गर्नु र भाषशैलीको विश्लेषण गर्नु जस्ता कार्य यस अध्ययनका मुख्य उद्देश्यहरु हुन् ।

यस अध्ययनका क्रममा ३ महिनाका ९ ओटा पत्रिकामा प्रकाशित वर्ष १२ र वर्ष १३ का अङ्कहरू सङ्कलन गरी पुस्ताकालय अध्ययन विधिलाई विश्लेषणात्मक तथा वर्णनात्मक विधि अगाँलिएको छ । हाम्रो एकता पत्रिकाको ३ महिनासम्मका अङ्कहरूमा प्रकाशित भएका समाचारहरूमा प्रयुक्त नेपाली भाषालाई मात्र अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा स्वरूप, व्याकरणिक पक्ष, कोड मिश्रण शैलीलाई आधार बनाई प्राप्त सामग्रीबाट व्याख्या विश्लेषण र तथ्याङ्कको तालिकिकरण गरिएको छ । यस अध्ययनमा समाचारमा प्रयोग भएका भाषा शैलीको विश्लेषण, नेपाली भाषाको वाक्य संरचना र समाचारमा भाषिक शैली तथा कोड मिश्रणको अवस्था पत्ता लागउन खोजिएको छ । यी कुराहरू पत्ता लगाउनको लागि प्राप्त भएका सामग्रीलाई विभिन्न आधारमा विश्लेषण गर्नको लागि वर्णनात्मक विधि अपनाइएको छ । यस अध्ययनबाट पत्रिकामा प्रकाशित समाचारका प्रकारहरूमा आकस्मिक समाचार, पूर्व निर्धारित समाचार, अनुगमन समाचार र फिचर प्रयोग भएको पाइयो । समाचारको विषय क्षेत्र र सूचनाका आधारमा पूर्व निर्धारित समाचारहरू बढी पाइयो । नेपालीमा क्रियापदले बुझाउने मुख्य पाँच पक्षमध्ये पूर्ण पक्षको प्रयोग वढी मात्रामा भएको पाइयो । ध्रुवीयताको आधारमा हेर्दा समाचारमा करणको प्रयोग वढी भएको पाइएको छ । भावको आधारमा समाचारलाई हेर्दा ईच्छार्थ, आज्ञार्थ, संकेतार्थ, सम्भावनार्थ मध्ये सामान्यार्थ भावको प्रयोग धेरै नै भएको पाइन्छ भने हरेक ठाउँमा सामन्यतया वर्णविन्यासगत त्रुटि पनि भएको देखिएको छ ।

# विषयसूची

## परिच्छेद : एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | 1 |
| १.२ | समस्या कथन | 1 |
| १.३ | अध्ययनको उद्देश्य | 2 |
| १.४ | अध्ययनको महत्त्व | 2 |
| १.५ | अध्ययनको सीमा | 3 |
| १.६ | विशिष्ट शब्दावलीको कार्यगत परिभाषा | 4 |


## परिच्छेद-दुई

## पूर्व साहित्यको पुनारावलोकन र अवधारणात्मक खाका


| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको समीक्षा | 5 |
| | २.१.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | 5 |
| २.२ | प्रयोगात्मक साहित्यको पुनारावलोकन | 7 |
| २.३ | पुनरावलोकनको अध्यनमा उपयोगिता | 8 |
| | २.३.१ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया | 9 |
| २.४ | अध्ययनको सैद्धान्तिक अवधारणात्मक खाका | 11 |
| | २.४.० समाचारको स्वरूप | 11 |
| | २.४.१ समाचारको भाषा | 11 |
| | २.४.२ सञ्चार | 17 |
| | २.४.३ आम सञ्चार वा जनसञ्चार | 18 |
| | २.४.४ छापा माध्यम | 20 |
| | २.४.५ नेपालमा आमसञ्चार | 23 |
| | २.४.६ समाचारको परिचय | 24 |
| | २.४.७ समाचारको इतिहास | 27 |
| | २.४.८ नेपालमा समाचारको इतिहास | 28 |

२.४.९ समाचारका प्रकार 30

२.४.१० समाचार लेखनमा प्रयोग गरिने भाषा 32

## परिच्छेद : तीन

## अध्ययन विधि र प्रक्रिया

३.१. अध्ययनको ढाँचा र विधि 34

३.१.१ अध्ययनको ढाँचा 34

३.१.२ अध्ययनको विधि 35

३.२ जनसङ्ख्या र नमुना छनौट 35

३.३ अध्ययनको क्षेत्र 35

३.४ तथ्याङ्क सङ्कलनका साधन र विधि 36

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया 36

## परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१. तथ्याङ्कको विश्लेषण र नतिजाको व्याख्या 37

४.१.१ समाचारको स्वरूप 37

४.१.१.१ आकस्मिक समाचार 37

४.१.१.२ पूर्वनिर्धारित समाचार 38

४.१.१.३ अनुगमन समाचार 38

४.१.१.४ फिचर समाचार 39

४.१.२ समाचारको विषय क्षेत्र र सूचना 40

४.२.१ 'हाम्रो एकता' साप्ताहिक पत्रिकामा वाक्यकोटिको प्रयोग 40

४.२.२ समाचारमा कालको प्रयोग 41

४.२.३ साप्ताहिकमा पक्षको प्रयोग 42

४.२.४ भाव वा अर्थको प्रयोग 44

४.२.५ समाचारमा वाक्यको संरचना 45

४.३ समाचारको भाषाशैली 46

४.४ समाचारमा कोडमिश्रण 48

४.५ निष्कर्ष 50

**परिच्छेद : पाँच**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष 51

५.२ सुझाव 52

५.२.१ नीतिगत सुझव 52

५.२.२ कार्यगत सुझव 53

५.३ सम्भावित शोधशीर्षकहरु 54

**सन्दर्भग्रन्थ सूची** **55**

**परिशिष्ट** **58**

# तालिकासूची


| | | | |
|---|---|---|---|
| तालिका नं. १ | : | आमसञ्चार माध्यम | 20 |
| तालिका नं २ | : | समाचारपत्रको संगठन | 22 |
| तालिका नं. १ | : | आकस्मिक समाचार | 38 |
| तालिका नं. २ | : | पूर्व निर्धारित समाचार | 38 |
| तालिका नं. ३ | : | अनुगमन समाचार | 39 |
| तालिका नं. ४ | : | फिचर समाचार | 40 |
| तालिका नं. ५ | : | कालको प्रयोग | 41 |
| तालिका नं. ६ | : | पक्षको प्रयोग | 42 |
| तालिका नं. ७ | : | ध्रुवीयताको प्रयोग | 43 |
| तालिका नं. ८ | : | भाव वा अर्थको प्रयोग | 44 |
| तालिका नं. ९ | : | समाचारमा वाक्यको संरचना | 45 |
| तालिका नं. १० | : | समाचारमा कोड मिश्रण | 48 |

# परिच्छेद : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै व्यक्तिको विचार, भावना, र सूचना अर्को व्यक्ति वा जनसमुदायसम्म पुऱ्याउने कार्य सञ्चार माध्यमले गर्दछ । आधुनिक प्रविधिजडित सञ्चार माध्यमद्वारा असीमित जनसमुदायका लागि कुनै पनि विषयवस्तुलाई समाचार एवं सन्देशका रूपमा प्रकाशन वा प्रसारण गर्ने प्रक्रिया आमसञ्चार हो । आमसञ्चारको मेरुदण्ड नै समाचार हो । समाचार नै पत्रकारिताको मानी वा मियो हो ।

प्रस्तुत शोधको शीर्षक हाम्रो एकता साप्ताहिकको समाचारमा प्रयुक्त भाषाको अध्ययन रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ । यस अध्ययनका लागि जनचासो र सरोकार रहेको हाम्रो एकता साप्ताहिकको समाचारमा प्रयोग भएको भाषाको अध्ययन गरिएको छ । जनतालाई उचित सूचना र सन्देश प्रदान गरी सत्य तथ्य घटनाहरूको जानकारी गराउन पत्रिकामा प्रयोग गरिएको भाषामा त्रुटि रहँदा यसले गम्भीर समस्या पार्न सक्ने र यसबाट नागरिकले उचित सूचना प्राप्त गर्न नसकी समाचार प्रकाशनको उद्देश्य पूरा हुन नसकी समाचार नै प्रभावकारी बन्न नसक्ने हुन्छ । यसै कुरालाई मध्यनजर गरी प्रस्तुत अध्ययनमा भाषिक प्रयोगको अवस्था पहिचान गरी कमी कमजोरीको निराकरण गर्ने उद्देश्य राखिएको छ । विभिन्न क्षेत्रको भाषाको अध्ययन भए पनि प्युठान जिल्लाबाट प्रकाशित हुने *हाम्रो एकता* पत्रिकामा प्रकाशित समाचारमा प्रयुक्त भाषाको अध्ययन नभएको अवस्थामा यस अध्ययनको आवश्यकतालाई महसुस गरी यस अध्ययनलाई अगाडि बढाइएको हो ।

## १.२ समस्या कथन

पत्रपत्रिकामा दिइने समाचार आम नागरिकको चासोको विषय हो । सर्वसाधारणदेखि लिएर वरिष्ठ विद्वान्हरूले यसको अध्ययन गरेको पाइन्छ । पत्रपत्रिकाले दिन खोजेको समाचार सही र स्पष्ट रूपमा पाउन त्यसमा रहेको भाषाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ

। त्यसैले पत्रपत्रिकामा शुद्ध र त्रुटिरहित भाषा प्रयोग गर्नु उपयुक्त मानिन्छ । विभिन्न पत्रपत्रिकाले समाचार प्रकाशन गर्दा नेपाली भाषाको स्तरीयपनलाई बिगारेर विविध क्षेत्रमा विविध खालका त्रुटि गर्ने गरेको पाइन्छ । यसै परिपेक्षमा प्युठान जिल्लाबाट प्रकाशित *हाम्रो एकता* राष्ट्रिय साप्ताहिक पत्रिकाले समाचारमा नेपाली भाषाको प्रयोग के-कसरी गर्दैआएको छ भन्ने कुराको अध्ययनमा प्रस्तुत सोधपत्र केन्द्रित रहेको छ । यसै कुरालाई आधार मानी यस अध्ययन निम्न लिखित समस्यामा केद्रित रहेको छ -

क) समाचारको आकार, प्रकार र विषय कस्तो रहेको छ ?

ख) समाचारमा प्रयुक्त नेपाली भाषामा के-कस्ता वाक्य संरचना पाइन्छन् ?

ग) समाचारमा भाषिक शैली र कोड मिश्रणको अवस्था कस्तो छ ?

घ) समाचारमा प्रयोग भएका भाषाको लेखन शैली के-कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोध कार्यको प्रमुख उद्देश्य *हाम्रो एकता* पत्रिकाको समाचार खण्ड मा प्रयुक्त नेपाली भाषाको अध्ययन गर्नु रहेको छ भने यसै मूल उद्देश्यसँग सम्बन्धित भएर निम्न सहायक उद्देश्यहरू यस शोधपत्रमा आउने छन् -

क) *हाम्रो एकता* साप्ताहिक पत्रिकाको समाचारको आकार, प्रकार र विषय कस्तो छ, विश्लेषण गर्नु,

ख) समाचारमा प्रयुक्त नेपाली भाषाको वाक्य संरचना पहिल्याउनु,

ग) समाचारमा भाषिक शैली र कोड मिश्रणको अवस्था पत्ता लगाउनु,

घ) समाचारमा प्रयोग भएको भाषाको लेखन शैलीको अवस्था पत्ता लगाउनु,

## १.४ अध्ययनको महत्त्व

अनुसन्धानका क्रममा कुनै पनि विषयवस्तुको खोज तथा अनुसन्धान गर्नु आफैमा महत्त्वपूर्ण कार्य हो । कुनै पनि विषयमा प्रस्तुत गर्न खोजिएको समाचारलाई प्रष्ट रूपमा प्रसारण गर्न शुद्ध भाषिक प्रयोगको आवश्यकता अपरिहार्य हुन्छ । आम नागरिकको चासोको विषय रहेको समाचारमा प्रयुक्त भाषा शुद्ध नभएको अवस्थामा त्यसले सही भाषिक सम्प्रेषण गर्न सक्दैन । समाचारमा प्रयुक्त भाषाको अध्ययनले नेपाली भाषा शुद्ध प्रयोगमा सुधार ल्याउने गर्दछ । प्युठान जिल्लाबाट प्रकाशित हुने विभिन्न समाचारप्रधान पत्रिकाको समग्रमा

गहिरो अध्ययन भएको पाइँदैन । यस क्रममा प्युठान जिल्लाबाट प्रकाशित हुने *हाम्रो एकता* साप्ताहिक पत्रिकाको समाचारमा प्रयुक्त भषाको अध्ययन गर्नुमा नै यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत अध्ययनले सम्बन्धित पत्रिकाका भाषा सम्पादक, अध्ययन अनुसन्धानकर्ता र भाषाका विद्यार्थीहरूका लागि समेत उपयोगी हुने देखिएकाले यसको महत्त्व निर्विवाद रहेको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययनलाई निश्चित उद्देश्यप्रति केन्द्रित गराउन त्यसलाई सीमाबद्ध गर्नु आवश्यक देखिन्छ । निश्चित परिधिमा सीमाबद्ध नगरी गरिएको शोधकार्य उद्देश्य प्राप्तिमा सहयोगी हुन सक्दैन तसर्थ यस शोधकार्यलाई निम्नानुसार सीमाबद्ध गरी तयार गरिएको छः-

क) प्रस्तुत शोधपत्रमा *हाम्रो एकता* साप्ताहिक पत्रिकाको २०७३ साल बैशाख १९ गतेदेखि साउन १६ गतेसम्मका अङ्कलाई आधार बनाइएको छ ।

ख) प्रस्तुत शोधकार्य प्रथम पृष्ठमा रहेका ४५ ओटा शीर्षकमा रहेका समाचारलाई छनौट गरी अध्ययन गरिएको छ ।

ग) प्रस्तुत शोधकार्य समाचारको आकार, प्रकार र विषयवस्तुको व्याख्या गर्नमा मात्र केन्द्रित रहेको छ ।

घ) प्रस्तुत शोधअध्ययन नेपाली भाषाको काल, पक्ष, वाक्य संरचना एवम् शैलीको विश्लेषणमा सीमित रहेको छ ।

ङ) पत्रिकाको समाचारमा प्रयोग भएका शब्दहरू वाक्यात्मक संरचना र भाषिक कोड मिश्रणको अध्ययनमा केन्द्रित रहेको छ ।

च) यस अध्ययनमा समय र स्रोत साधनको अभावका कारणले गर्दा यस पत्रिकाको नौ वटा अङ्कमा रहेको समाचारलाई मात्र आधार बनाइएको छ ।

## १.६ विशिष्ट शब्दावलीको कार्यगत परिभाषा

टिप्पणी : कुनै व्यक्ति वा विषयका बारेमा गरिएको समीक्षा वा विवेचना

छापाखाना : पुस्तक, पत्रिका आदि छाप्ने घर

कार्टुन : व्यङ्ग्य चित्र

प्रकाशन : पुस्तक, पत्रिका आदि छाप्ने काम

मुद्रण : पत्रपत्रिका, किताब छापेर जनसमक्ष ल्याउने काम

समाचार : कुनै घटनासँग सम्बन्धित नयाँ कुरा, खबर, सूचना

समाचार पत्र : खबर छापिने समाचारपत्र

सम्पादकीय : सम्पादकको तर्फबाट समसामयिक विषयमा आफ्नो दृष्टिकोण समेत राखेर लेखिएको विशेष लेख

सम्पादक : समाचार, पत्र पत्रिका, पुस्तक आदि प्रकाशनको लागि उपयुक्त बनाउन काम गर्ने व्यक्ति

सम्पादन : प्रकाशनका लागि योग्य बनाउने कार्य वा प्रक्रिया

प्रेश : कुनै लेख, पुस्तक आदि छापिने यन्त्र वा त्यस्तो यन्त्र भएको घर

प्रिन्ट : टङ्कण (टाइप) गरी निकालिएको प्रति

प्रिन्टिङ : छपाइ टङ्कण सम्बन्धी कार्य

स्तम्भ : पत्र पत्रिकामा खास विषय वा शीर्षकको लागि छुट्याइएको स्थान

# परिच्छेद-दुई

# पूर्व साहित्यको पुनारावलोकन र अवधारणात्मक खाका

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य **हाम्रो एकता** पत्रिकामा रहेको भाषासँग सम्बन्धित छ । कुनै पनि कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि काम थाल्नुपूर्व त्यससम्बन्धी के कस्ता कार्यहरू भएका छन्, त्यसबारे जानकारी लिनका लागि विगततर्फ फर्कनु पर्छ । विगतका अनुभवबाट प्रेरणा लिदै नयाँ अनुभवहरू समेट्दै गएमा गर्न खोजेको कार्य सहज तरिकाले गर्न सकिन्छ । विषयवस्तुमा प्रवेश गर्नुपूर्व सम्बन्धित विषयमा के कति पूर्वकार्यहरू भए सोको जानकारी लिनु महत्त्वपूर्ण हुन्छ । त्यसैले यसभन्दा अगाडि गरिएका अनुसन्धानले त्रुटि विश्लेषणलाई सहयोग गर्ने हुँदा ती कार्यहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ -

### २.१.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

सामान्य अर्थमा समाचार भन्नाले सञ्चार माध्यमले सम्प्रेषित गर्ने सूचना तथा जानकारीलाई बुझिन्छ । छापा माध्यमको मात्र एकाधिकार भएको समयमा पत्रपत्रिकामा जे छापिन्थे, तिनैलाई समाचार भनिन्थ्यो । समाचारका बारेमा लर्ड नर्थक्लिपले आश्चर्यपूर्ण कुरा हो, एउटा अप्रत्याशित घटनाबारे जानकारी पनि हो भनेका छन् । समाचारविना सञ्चार माध्यमको अस्तित्वको कल्पनासम्म पनि गर्न सकिँदैन । तसर्थ समाचार सञ्चार माध्यमको सबैभन्दा महत्वपूर्ण र अनिवार्य तत्त्व हो ।

मधुसुधन पन्थी र शिवशरण ज्ञवालीद्वारा लेखिएको कार्यमूलक नेपाली पत्रकारितामा समाचारको लेखनशैलीको चर्चा गरिएको छ । समाचार सङ्कलन गरिसकेपछि त्यो समाचारलाई लेख्ने भन्ने समस्या आउन सक्छ, तसर्थ सम्वाददाता समाचारको लेखनशैलीका बारेमा पनि जानकार हुनुपर्छ । कुनै पनि विषयको लेखन आफैमा जटिल हुन्छ । अझ हतारमा लेख्नुपर्ने समाचारको लेखन स्वतः जटिल हुने कुरा अस्वभाविक होइन । समाचार लेखनका विभिन्न शैलीहरू प्रचलनमा छन् । त्यस्ता विभिन्न शैलीहरूमध्ये उल्टो पिरामिडको शैली प्रचलनमा रहेको पाइन्छ । उल्टो पिरामिडमा समाचार प्रस्तुत गर्दा सबैभन्दा महत्त्वपूर्ण कुरा समाचारको सुरुमा वा पहिलो अनुच्छेदमा नै दिइन्छ । समाचारको भाषा

विषयवस्तु अनुरूपको यथार्थलाई अभिव्यक्ति गर्ने सरल र स्पष्ट हुनुपर्छ । समाचार सबैखाले पाठकका लागि भएकाले समाचारको भाषा जति धेरै सरल भयो, त्यति धेरै प्रभावकारी हुन्छ । समाचारको भाषा जटिल र क्लिष्ट भयो भने त्यसले समाचारको प्रभावकारितामा नै असर पर्दछ पन्थी, ज्ञवाली २०६९ पृ. ६९।७० ।

श्रीराम खनालद्वारा लिखित आमसञ्चार र पत्रकारिता भन्ने पुस्तकमा समाचार भनेको साधरण अर्थमा कुनै पनि घटना, विषयवस्तु, स्थान आदिका बारेमा तयार परिएको नविनतम् सूचना वा जानकारी हो भनी उल्लेख गरिएको छ ।

खनालद्वारा लिखित उक्त पुस्तकमा समाचारमा समसामयिकता, नजिकपन, महत्त्व, आकार, मानव अभिरूची र द्वन्द्व जस्ता तत्वहरू समावेश हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । सोही पुस्तकमा नै सक्रिय समाचार, निष्क्रिय समाचार, सकारात्मक समाचार, नकारात्मक समाचार, कडा समाचार, नरम समाचार, गहन समाचार, खोजपूर्ण समाचार गरी ८ प्रकारका समाचार उल्लेख गरिएको छ खनाल २०७० : १९४

श्रीरामसिंह बस्नेतद्वारा लिखित पत्रकारिकताको आयाम भन्ने पुस्तकमा नौलो, अस्वभाविक र अनौठा घटनाहरूको विवरण नै समाचार हो भनेर उल्लेख गरिएको छ । बस्नेतकै पुस्तकमा आकस्मिक, पूर्वनिर्धारित र अनुगमन गरी ३ प्रकारका समाचार रहने कुरा पनि उल्लेख गरिएको छ । समाचारको संरचना उल्टो पिरामिडमा हुने करा पनि सोही पुस्तकमा उल्लेख छ ।

समाचार तयार पार्दा भाषाका विभिन्न पक्षहरूमा ध्यान पनि पुराउपर्छ । जस्तै लक्ष्यित समूहको पहिचान गर्ने, सरलता हुनुपर्ने, सङ्क्षिप्तता हुनुपर्ने, विशेषणहरूको कम प्रयोग गर्ने, आदरार्थी शब्दको कम प्रयोग गर्ने, आवश्यक ठाउँमा वैकल्पिक शब्दहरुको प्रयोग गर्ने, अङ्क प्रयोगमा ख्याल गर्नुपर्ने र स्पष्टता हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ । समाचारलाई सटिक ढङ्गले प्रस्तुत गर्नु नै समाचारदाताको कुशलता हो बस्नेत २०६४ : ११९ ।

## २.२ प्रयोगात्मक साहित्यको पुनारावलोकन

आजसम्मको धोधकार्यलाई सिंहावलोकन गर्दा विभिन्न क्षेत्रबाट प्रकाशित हुने पत्रपत्रिकाको योगदानको बारेमा प्रशस्त खोज अनुसन्धान भएको पाइन्छ, तर पत्रपत्रिकाको समाचारमा प्रयुक्त भाषिक त्रुटिको अध्ययन भने छिटफुट रूपमा मात्र भएको देखिन्छ । केही व्यक्तिले पत्रपत्रिकामा प्रयोग गरिएको भाषालाई आधार बनाई शोधकार्य गरेको पाइन्छ । केही शोधकार्यको समीक्षा यस प्रकार छ -

सुरेन्द्र पोखरेलद्वारा मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत *नेपाली राष्ट्रिय दैनिक अखबारको भाषा तथा प्रस्तुतीकरणको अध्ययन*(२०६१) शीर्षकमा शोध अध्ययन गरेको पाइन्छ । यस शोधको उद्देश्य नेपाली राष्ट्रिय दैनिक अखबारका समाचारमा पाइने भाषिक त्रुटि र समस्याहरूको वर्गीकरण र विश्लेषण गर्ने, त्रुटि र समस्या निराकरणका लागि सुझाव दिने, पत्रकारिता सिद्धान्तका आधारमा समाचारका शीर्षक, प्रथम अनुच्छेद(इन्ट्रो), शरीर र अन्त्यको विश्लेषण गर्ने रहेको छ । यस अध्ययनले अखबारको समाचारमा रहेका भाषिक त्रुटि विश्लेषण गरी तिनीहरूको निराकरणको लागि सुझाव दिएको पाइन्छ ।

बालकृष्ण चापागाईद्वारा मानविकी तथा सामाजिक शास्त्रअन्तर्गत *विद्युतीय सञ्चार माध्यममा नेपाली भाषाको प्रयोग* (२०६३) शीर्षकमा शोध अध्ययन गरेको देखिन्छ । यसको उद्देश्य नेपाली भाषाको विकासमाथि सङ्क्षिप्त प्रकाश पार्नु, नेपालमा विद्युतीय सञ्चार माध्यममा नेपाली भाषाको प्रयोगमाथि प्रकाश पार्नु, नेपाली भाषाको प्रयोगमा देखिएका त्रुटि औंल्याउँदै सुधारका उपाय प्रस्तुत गर्नु रहेको छ । खासगरी यस शोध कार्यले नेपाली कथ्य भाषामा देखिएका उच्चारणगत त्रुटिहरुको विश्लेषण गरी सुधारका लागि विभिन्न सुझाव प्रस्तुत गरेको पाइन्छ ।

पूर्णचन्द्र बरालद्वारा *नेपाली दैनिक समाचार पत्रहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरुको अध्ययन* (२०६४) शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । भाषिक त्रुटिअन्तर्गत पर्ने वर्णविन्याससँग सम्बन्धित त्रुटिहरूको अध्ययन गर्ने क्रममा नेपाली दैनिक समाचारपत्रहरूमा रहेका त्रुटि पत्ता लगाउने र उक्त त्रुटिहरूको निराकरणका लागि उपयुक्त सुझाव दिने कार्य यस शोधमा भएको पाइन्छ । नेपाली वर्णविन्यासका प्रचलित मान्यताभन्दा फरक रहेका शब्दहरूलाई त्रुटि मानेर गरिएको अनुसन्धानमा भाषा व्याकरणका विज्ञ र योग्य

व्यक्तिहरूको समूहबाट सम्पादित भएता पनि दैनिक समाचारपत्रहरूमा प्रशस्त मात्रामा त्रुटिहरू रहेको निष्कर्ष निकालिएको छ ।

गङ्गा खानालद्वारा शिक्षाशास्त्र सङ्कायअन्तर्गत *रुपन्देही जिल्लाबाट प्रकाशित समाचारप्रधान पत्रिकामा प्रयुक्त भाषाको अध्यन* (२०६७) शीर्षकमा अनुसन्धान गरिएको छ । यस शोधपत्रमा समाचारप्रधान पत्रिकाहरूमा रहेको भाषिक त्रुटिहरू केलाई उपयुक्त भाषिक रूप दिएको पाइन्छ । त्रुटि निराकरणका लागि सुझाव पनि दिइएको पाइन्छ । यस शोध कार्यमा ११४८ वटा वर्णविन्यासगत त्रुटिहरूलाई विभिन्न भागमा वर्गीकरण गरी देखाइएको भएता पनि वाक्य कोटिका आधारमा त्रुटिको अध्ययन भने गरिएको छैन ।

यसरी विभिन्न शोध अध्ययनमार्फत् नेपाली भाषाको प्रयोगमा भाषिक शुद्धतालाई जोड दिँदै नेपाली भाषाको प्रयोगलाई स्तरीय बनाई नेपाली भाषाको आधुनिकीकरण र मानकीकरणको पक्षमा विकास गराउनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । कुनै पनि अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यी अध्ययनले पनि भाषिक शुद्धताको पक्षमा पूर्णता दिन नसक्नु स्वाभाविक मानिन्छ । यसका लागि अझै भाषिक प्रयोगका विभिन्न क्षेत्रको अध्ययनमा जोड दिई लाग्नुपर्ने देखिन्छ । विभिन्न क्षेत्रहरूमा प्रयुक्त भाषाको अध्ययन भए तापनि प्युठान जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन अझैसम्म पनि भइनसकेको अवस्थामा नागरिकलाई सूचना प्रवाहका लागि महत्त्वपूर्ण माध्यमको रूपमा रहेका पत्रिकाको भाषिक अध्ययन गर्नु र यसमा रहेका भाषिक त्रुटिहरूको पहिचान गरी ती त्रुटिहरूको निराकरणतर्फ सचेत भएर लाग्नुपर्ने कुरामा जोड दिनुपर्ने आवश्यकतालाई यस शोधपत्रले महत्त्वपूर्ण भूमिका खेल्ने छ । यसकारण यो अध्ययन उपयुक्त रहेको मान्न सकिन्छ ।

## २.३ पुनरावलोकनको अध्यनमा उपयोगिता

पत्रकारिताको मेरुदण्ड नै समाचार हो । समाचारमा भाषाको कुरा गर्दा समाचारको भाषा, पत्रकारिता र स्वरूपमा संयोजन गरिएको छ । समाचारमा आफ्नो सञ्चार माध्यमले खोजेअनुरूप र आफ्ना लक्षियत पाठकहरूले बुझ्नेखालको भाषा प्रयोग गर्नु पर्दछ । सरल भाषा नै सर्व स्वीकार्य हुन जान्छ । व्याकरणको मुटु भनेको नै भाषा भएकाले तिनको

प्रयोगमा विशेष सावधानी राख्नै पर्दछ । भाषा सम्पादन गर्दा पाण्डुलिपिमा सरल वाक्य प्रयोग भएको छ छैन, व्याकरणगत त्रुटि छ-छैन ? शब्द चयन ठिक छ छैन भनी हेर्नुपर्छ ।

प्रस्तुत अध्ययन समाचारको भाषिक अध्ययनसँग सम्बन्धित छ । कुनै पनि कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि काम थाल्नुपूर्व त्यससम्बन्धी के कस्ता कार्यहरू भएका छन् त्यसबारे जानकारी लिनका लागि विगततर्फ फर्कनु पर्छ । विगतका अनुभवबाट प्रेरणा लिई नयाँ अनुभव समेट्दै गएमा गर्न खोजेको कार्य सहज तरिकाले सम्पन्न गर्न सकिन्छ । यही आवश्यकताअनुरूप यस अध्ययनका लागि पनि पुनरावलोकनको अध्ययन निकै उपयोगी बन्न पुगेको छ । यस अध्ययनमा सैद्धान्तिक साहित्यको पुनरावलोकनले यस अध्ययन गर्नमा सैद्धान्तिक आधार दिन पुगेको र प्रयोगात्मक साहित्यको पुनरावलोकनले अध्ययनको पद्धति र आधार तयार गरेको छ । अध्ययनको विधि र प्रक्रिया साथै अध्ययनको तरिकामा सहयोग पुऱ्याएको छ । यसरी उपयोगी ढङ्गबाट प्रस्तुत शोध तयार गर्नका लागि साहित्यको पुनरावलोकन निकै उपयोगी सावित भएको छ । प्रस्तुत शोधकार्यले सम्बन्धित पत्रिकाका भाषा सम्पादक, अध्ययन अनुसन्धानकर्ता र भाषाका विद्यार्थीहरूका लागि समेत उपयोगी हुने देखिन्छ ।

### २.३.१ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

समाचार अध्ययनका क्रममा सङ्कलन गरिएका प्रमुख समग्रीहरूलाई विश्लेषण गर्नका निम्ति निम्नलिखित आधारहरू प्रस्तुत गरिएको छ :-


पत्रपत्रिकामा समाचारको स्वरूप भन्नाले एउटा निश्चित ढाँचा वा संरचनालाई बुझाउँदछ अर्थात् झट्ट हेर्दा समाचारको बाहिरी रूप हेर्दा देखिने तत्त्वलाई जनाउँछ जसमा समाचारको आकार, प्रकार, शैली, विषयवस्तु र संरचनालाई मुख्य आधार बनाइएको छ । पत्रिकामा समाचारले दिएको सन्देश र व्यक्त गरेका अर्थलाई विषयका रूपमा लिने गरिएको छ । समाचार कुन विषय वा पक्षसँग सम्बन्धित छ त्यसले कुन विषयलाई प्रस्तुत गरेको छ भन्ने कुरालाई मुख्य आधार मानी  विषयगत पक्षलाई देखाउने गरिएको छ । वाक्यका स्तरमा व्याकरणात्मक कार्य सम्पादन गर्न आउने पदलाई कोटी भनिन्छ । (भट्टराई २०५९ : ६१)

भाषाको वाक्यमा विभिन्न कोटिहरू हुन्छन् । काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता आदि । अध्ययनमा भएको विश्लेषण गर्दा वाक्यका कोटिहरूलाई मूल आधार मानिएको छ । भाषिक संरचनाको अध्ययनका लागि वाक्यात्मक संरचनालाई मुख्य आधार बनाइएको छ । अभिव्यक्तिका क्रममा आउने अपूर्ण वाक्य सरल वाक्य, जटिल वाक्य आदिलाई निर्धारण गरी समाचारको भाषाको विश्लेषण गरिएको पाइन्छ । समाचारमा विभिन्न किसिमका भाषिक शैलीहरू हुन्छन् । जस्तै : लिखित, मौखिक, औपचारिक, अनौपचारिक आदि । भाषा सम्प्रेषणका क्रममा वक्ता र श्रोता  बिचको अन्तरक्रियाको प्रस्तुतिले महत्त्वपूर्ण भूमिका खेल्दछ । औपचारिक समारोह तथा अनौपचारिक रूपमा प्रयोग गरिने भाषिक रूप तथा शैली फरक-फरक हुन्छ । भाषिक भेदअनुसार शैली पनि निर्धारण हुन्छ । समाचारमा यसको संरचना हेरी औपचारिक र अनैपचारिक दुवै शैलीको प्रयोग गरिने भएकाले सोही आधारमा शैलीको विश्लेषण गरिएको छ । उद्देश्य र विधेय भएको दुई वा दुई भन्दा बढी सार्थक शब्द मिली बनेको पूरा आशय जनाउने उपवाक्य भन्दा ठूलो स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ । (भट्टराई २०५९ : १२८) वाक्य एउटा त्यस्तो भाषिक सरचना हो जसमा एउटा कर्ता र एउटा समापिका क्रिया हुन्छ । यसले एक किसिमको अवधारणा व्यक्त गर्दछ । वाक्यमा अवधारणा जनाउनको लागि क्रियाको अनिवार्य उपस्थिति हुनुपर्दछ । किनभने कर्ताले मात्र क्रियापदका सूचनालाई निश्चित गर्न सक्दैन, त्यसकारण वाक्यमा क्रियापद हुनु जरुरी छ । भेटघाट, कुराकानी, ख्याल ठट्टा जस्ता अभिव्यक्तिका सन्दर्भमा वाक्यमा क्रियापद नआउन सक्छ जहाँ अभिप्राय पत्ता लगाउन भने क्रियापदको सहायता लिनै पर्छ त्यस कारण यस अध्ययनमा वाक्यको विश्लेषण गर्दा सरल वाक्य र जटिल वाक्य भन्ने संरचनात्मक आधार निर्धारण गरी  विश्लेषण गरिएको छ । समाचारलाई फरक र आकर्षक बनाउन विभिन्न भाषिक कोडहरूको मिसावट गर्ने काम गरिएको पाइन्छ । यहाँ देवनागरी लिपिमा नेपाली इतर शब्दको प्रयोग गरेको पाइन्छ । यस्ता शब्दहरू कतिपय नेपाली रूपान्तरण गर्न नमिल्ने स्थितिका छन् भने कतिपय तिनै विदेशी शब्दहरु वा फरक कोडहरू नेपाली जनजिब्रोमा आइरहने हुनाले तिनै शब्दको प्रयोग गरेको पाइन्छ । यस अध्ययनमा समाचारमा कोड मिश्रणको कारण र तरिकाको आधार निर्धारण गरी प्राप्त सामग्रीको विश्लेषण गरिएको छ ।

## २.४ अध्ययनको सैद्धान्तिक अवधारणात्मक खाका

### २.४.० समाचारको स्वरूप

समाचार एउटा निश्चित ढाँचा वा संरचनामा लेखिन्छ । साहित्यिक लेखन वा पत्रकारिताकै अन्य विषयमा जस्तो लेख्ने व्यक्तिको उन्मुक्त शैलीबाट समाचारहरू सामान्यतया लेखिदैन । समाचार संरचनाको प्रमुख आधार नै प्रत्येक समाचार विवरणको सबैभन्दा महत्त्वपूर्ण विषयलाई समाचारको अमुख(लिड) अर्थाथ् पहिलो अनुच्छेदमा उल्लेख गर्नु हो । यसमा आकार, प्रकार, शैली र विषयलाई प्रमुख रूपमा लिइने गरेको छ । समाचार संरचनालाई अर्थ्याउन प्रायः उल्टो पिरामिडको सहयोग लिने गरेको पाइन्छ ।




स्रोत : बस्नेत २०६४: ११८

### २.४.१ समाचारको भाषा

पत्रकारितामा लाग्ने व्यक्तिका लागि समाचार लेख्दा प्रयोग गरिने भाषाशैली महत्त्वपूर्ण विषय मानिन्छ । समाचारका लागि विषय छनोट गरेर विभिन्न स्रोतहरूबाट अवश्यक तथ्यहरू सङ्कलन गरेपछि समाचार लेख्ने कार्य सुरू हुन्छ । साहित्यका फरक-फरक विधाहरू जस्तै समाचारको लेखन प्राणाली पनि पत्रकारिताका अरू विधाहरूभन्दा भिन्नै र विशेष किसिमको हुन्छ । शीर्षक र पहिलो अनुच्छेद पढ्नासाथ म समाचार पढ्दैछु भन्ने कुरा पाठकले बुझ्दछ ।

समाचारको भाषा साधारण औषत पाठकले एकै पटकमा बुझेर पढ्न सक्ने किसिमको सरल हुनुपर्दछ । एकैपटकमा छर्लङ्ग नबुझिने अनि बुझ्नका लागि दोस्रो पटक पढ्नुपर्ने समाचार वास्तवमा व्यर्थको परिश्रम बन्दछ, त्यस्तो समाचारले पाठक गुमाउँछ ।

समाचार लेखकले सर्वप्रथम सरल शब्दहरूको चयन गर्नुपर्दछ । शब्दहरू दुई किसिमले सरल हुनुपर्दछ । प्रथमतः लोक व्यवहारमा प्रचलित र बहुसङ्ख्यक पाठकसँग परिचित शब्दहरू प्रयोग गर्नुपर्दछ । क्लिष्ट, अपरिचित र अप्रचलित  शब्द प्रायोग गर्नु हुदैन । सरलताका नाममा सिमित क्षेत्र र सीमित पाठकमा प्रचलित भाषिकाका शब्दहरू पनि प्रयोग गर्नुहुँदैन । समाचारका शब्दहरू सरल भएर पनि प्रतिनिधिमूलक र मानक स्तरको हुनुपर्दछ । यदाकदा कठिन पारिभाषिक र प्राविधिक शब्द प्रयोग गर्नुपर्दा समाचारको पाठभित्रै त्यसको अर्थ खुलाइदिनुपर्छ । उपसर्ग र प्रत्ययहरू बढी जोडिएका ज्यादा समास गरिएका  तथा धेरै अक्षरले बनेका कारणले पढ्दा प्रवाह रोकिने वा अलमलिने खालका शब्दहरू प्रयोग गर्नु हुदैन । तिनका सट्टा सकेसम्म सरल र दुईचार अक्षर भित्रका शब्दहरुले काम चलाउनुपर्दछ । **अपरिवर्तनीयताअन्तर्गतको, उत्तराधिकारसम्पन्नहरुबाट, परामनोवैज्ञानिकहरुद्वारा** जस्ता जटिल बनोटका शब्दहरु सकेसम्म प्रयोग गर्नु हुदैन ।

शब्दको अर्थ र बनोट(व्युत्पत्ति) पनि ठिक हुनुपर्दछ । कतिपय सिकारु समाचार लेखकहरूले लेखाइमा स्तरीयता ल्याउने नाममा अप्रचलित, असहज र कृतिम लाग्ने व्युत्पत्ति प्रयोग गर्दछन् जस्तै :- सप्रमाणसहित उपस्थित हुन सूचित गरिन्छ । सधन्यवाद दिन चाहन्छु । उ चारित्रिक नभएको मान्छे हो ।

माथिका वाक्यहरुमा रेखाङ्कित शब्दको व्युत्पत्ति गलत छ र अर्थ मिलेको छैन । त्यस्तै सौन्दर्यता, धैर्यता, माधुर्यता, चातुर्यता, अतिआवश्यकता जस्ता अनावश्यक प्रत्यय थपिएका शब्दहरु र गायकाकार, अतिथि, विद्यार्थीवर्गहरु, सहायता, पहाड, सहारा, प्रविधिकरण(प्राधिकरणका सट्टा) विध्यालय, उध्योग, लोडसेडिङ, संवेदना(समवेदना), उपेक्षा( अपेक्षा) जस्ता गलत उच्चारणका शब्दहरु प्रयोग गनु हुँदैन । शब्द प्रयोग गर्दा सही अर्थ, ठिक उच्चारण, मानक वर्णविन्यास र शुद्ध व्युत्पत्तिमा ध्यान पुऱ्याउँनु पर्दछ ।

भाषा सभ्यता र शालीनताको नमुना पनि हो । भाषामा उत्ताउलोपन, उच्छृङ्खलता, अनावश्यक दिल्लगी र छुच्चोपन हुनु हुँदैन । सकेसम्म शिष्ट भाषा प्रयोग गर्नुपर्दछ ।

व्यक्तिको उपहास गर्ने, होच्याउने, खिसी गर्ने र होच्याउने शब्दहरू प्रयोग गर्नु हुँदैन । २०५० सालतिरका अखबारमा प्रयोग गरिएका गिरिजा हवल्दार, मनमहोन बेपिधको लोटा, पशुपति शमशेर नाति जर्नेल जस्ता प्रयोग शालीन अभिव्यक्ति मानिन्नन् । यस्तै जातजाति, धर्म, लिङ्ग, र समुदायलाई आक्षेप लाग्ने अपमानजनक शब्द प्रयोग गर्नु हुँदैन । आरोप लागेको वा शङ्कास्पद देखिएको व्यक्तिलाई हचुवाकै भरमा अपराधी, भ्रष्ट्राचारी वा चरित्रहीन भनी लाञ्छना नलगाई अभियुक्त वा यस्तो भनिएको जस्ता शब्दहरू प्रयोग गर्न उपयुक्त मानिन्छ ।

## नाम शब्दको प्रयोग

समाचारमा मानिसका नामहरु पहिलोपटक पूरा लेखिन्छ, त्यसपछि दोहोरिएर आउँदा नाम र थरका सट्टा सर्वनाम शब्द(उनी, उहाँ, ऊ, उसको इत्यादि) प्रयोग गरिन्छ । नाम शब्द नै दोहोऱ्याउनु पर्दा नाम थर पूरै नलेखी थर मात्र वा नाम मात्र वा उपनाम प्रयोग भएको छ भने उपनाम मात्र जुन बढी प्रचलित वा उपयुक्त छ त्यही लेखिन्छ । थरबाट प्रसिद्ध भएका व्यक्तिलाई थरकै आधारमा प्रस्तुत गर्न सकिन्छ, जस्तै :-

प्रधानमन्त्री दाहाल....................थर
सभापति देउवा........................थर
शान्ति मन्त्री दिवाकर.................उपनाम

महिलाहरुका नाम लेख्दा पतिको नामबाट पत्नीलाई चिनाउने शैली श्रीमती फलाना( पुरुषको नाम) प्रयोग गर्नु हुदैन, महिलाको आफ्नै नाम लेख्नुपर्छ । थर लेख्दा सम्बन्धित व्यक्तिको इच्छानुसार माइतीकै थर पनि लेखिन्छ । पतिसँग सम्बन्ध विच्छेद भएका महिलाको नाम पछाडि माइतीकै थर लेख्ने चलन देखिन्छ ।

संस्थागत पदहरू अध्यक्ष, मन्त्री, अधिकृत, क्याम्पस प्रमुख, प्रधानाध्यापक, सचिव, न्यायाधीश इत्यादिमा लिङ्गभेद देखाइदैन । शिक्षक-शिक्षिका, अभिनेता-अभिनेत्री, सञ्चालक-सञ्चालिका जस्ता कतिपय शब्दमा भने लिङ्गभेद देखाइन्छ तर पनि साझा पदहरूमा लैङ्गिक भेद हटाएर साझा शब्द राख्ने प्रयास भइरहेको पाइन्छ ।

व्यक्तिका नाम र थरका साथै तिनका ठेगाना, पद र संस्थाका नामहरु जे हो त्यही सही लेख्नुपर्छ । यसमा गल्ती गर्दा सम्बन्धित व्यक्तिको भावनामा चोट लाग्छ । संस्थाका प्रमुखहरू अध्यक्ष, निर्देशक, सभापति, प्रबन्धक आदि फरक-फरक नामका हुन्छन् तर लेख्दा सम्बन्धित संस्थाको प्रचलन अनुसार लेख्नुपर्छ । ने.क.पा.(माओवादी) का सभापति भने कुरा बुझिन्छ तर उक्त पार्टीको चलनअनुसार अध्यक्ष नै लेख्नुपर्छ ।

संघसंस्था, फर्म, एजेन्सी, विश्वविद्यालय, क्याम्पस र सरकारी निकायका नामहरु पहिला प्रयोग गर्दा पुरा रूपमा लेखिन्छ, सङ्क्षिप्त रूप प्रयोग गरिन्न । त्यसपछि दोहोऱ्याउँदा तिनका छोटकरी नामहरू प्रयोग गरिन्छ । कतिपय बहुप्रचलित नामहरू सुरूमै छोटकरीमा लिन पनि सकिन्छ, जस्तै :- रासस, युनेस्को, सार्क इत्यादि । कतिपय लामा नामहरू दोहोरिएर आउँदा पछिल्लो शब्दमात्र वा अघिल्लो शब्द मात्र पनि प्रयोग गरिन्छ, जस्तै :- **स्वतन्त विद्यार्थी युनियन** को स्व.वि.यु./स्ववियु वा युनियन, **अनेरास्ववियु** को अखिल, **अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)** को अखिल (क्रान्तिकारी) तर नेपाल विद्यार्थी सङ्घको भने ने.वि.सङ्घ हुन्छ । यसमा चलनचल्तीलाई विशेष ख्याल राख्नुपर्छ ।

समाचारमा मिति लेख्दा गते र साल अङ्कमा अनि महिना र बार अक्षरमा लेखिन्छ, जस्तै - २०६३ मङ्सिर ५ शनिबार । दैनिक पत्रिकामा समाचारको मितिरेखा (Dateline) मा समाचार लेखेको मिति राखिने हुँदा त्यही मितिका आधारमा आज, हिजो, अस्ति, भोलि, पर्सि जस्ता शब्द राख्न सकिन्छ । दैनिक पत्रिकामा हप्ता नै फरक पर्ने अवस्थामा बार प्रयोग नगरी गते र महिना नै प्रयोग गर्नुपर्छ । जस्तै :- उहाँ सोमवार जानुभयो । उहँ चैत्र ७ गते आउनुहुने छ ।

सञ्चार माध्यम र समाचार समितिको प्रचलन अनुसार दुई अङ्कका सङ्ख्या (१० देखि ९९ सम्म)लाई अङ्कमा नै लेखिन्छ भने एक अङ्कको सङ्ख्यालाई ( १ देखि ९ ) लाई अक्षरमा लेखिन्छ :-चार बर्षिय बालक । दुई जना केटी । १० जना कर्मचारी । ४० यात्रु ।

समाचारको शीर्षकमा अङ्क राख्न सकिन्छ तर पेटबोलीमा अङ्कबाट वाक्य सुरु गर्नु राम्रो मानिन्न, जस्तै :- शीर्षकमा सात बर्षदेखि शिक्षक छैनन् । चारको मृत्यु भएको ११ घाइते ।

पाठमा चार जनाको मृत्यु भएको छ र ११ घाइते भएका छन् । (यस्तो सकभर नगर्ने) दुर्घटनामा ४ जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् । (यस्तो गर्नु राम्रो)

## वाक्यगठन

समाचार लेख्दा छोटा-छोटा वाक्य प्रयोग गर्नुपर्छ । लामा वाक्यहरु तथा अदालती मिसिलमा प्रयोग गरिने ढाँचाका वाक्यहरू समाचार लेखनमा ठिक हुँदैनन् । सामन्यतया १५ देखि २० शब्दका वाक्यहरू समाचार लेखनमा उपयुक्त हुन्छन् । लेखाइको प्रवाहमा स्वभाविक रूपले केही वाक्यहरू अलि छोटा हुन्छन् भने केही वाक्यहरू लामा पनि हुन्छन् । लामा वाक्यहरू घुमाउरो जटिल र बोझिलो तर्कको जञ्जाल, एउटै वाक्यभित्र थरी-थरीका र धेरै तथ्य र विचारहरु भर्न खोज्दा भाषा दुर्बोध्य हुन्छ र समाचार लेखनका लागि कामै नलाग्ने मानिन्छ ।

पत्रकारिता हत्पतको साहित्य हो । यसका लेखकले हतारहतारमा लेख्छन् । यसो गर्दा शब्दहरूको उपयुक्त क्रम भत्किन सक्छ । पदक्रम खलबलिएर र पदयोग पदवियोग गड्बडिएर अर्थको अनर्थ लाग्न सक्छ । उदाहरणका लागि विभिन्न समयमा प्रकाशित केही अंशहरू यस प्रकार पाइन्छन् :-

क) बसले किचेर बिभत्स बालकको मृत्यु । (बालक बिभत्स हो कि मृत्यु ?)

ख) दुई स्कुलका छात्राद्वारा आत्महत्या । (दुई स्कुलका कतिजना छात्रा ?)

ग) प्रवासी नेपालीद्वारा बेचिएकी चेलीको उद्धार । (वास्तवमा प्रवासीले बेचेका थिएनन् उद्धार गरेका थिए)

सही कुरा बुझेर र ठिक-ठिक सोचेर लेख्दा पनि शब्द चयन र वाक्यगठनको असावधानीले गर्दा अर्थ नलाग्ने र उल्टो वा आपत्तिजनक अर्थ लाग्ने अवस्था आउँछ । समाचार लेखक यस्ता कुरामा हतार र हडबडीका अवस्थामा पनि सावधान हुनुपर्छ ।

समाचार लेख्दा के भएनबाट थाल्ने होइन के भयो को सूचना दिने हो । व्याकरणका दृष्टिले अकरण वाक्यभन्दा करण वाक्यमा जोड दिनुपर्छ । वाक्यलाई सकेसम्म कर्ताबाट सुरु गर्नुपर्छ, कर्तृवाच्यमा बढी जोड दिनुपर्छ, सक्रिय क्रियापदको प्रयोग गर्नुपर्छ । कर्तावाहेक अन्यत्र जोड दिनुपर्ने भएमा कर्म वा भाववाच्यको प्रयोग गरिन्छ ।

## उद्धरणको प्रयोग

अर्काको भनाइ उद्धृत गर्दा समाचारमा प्रत्यक्ष कथनभन्दा अप्रत्यक्ष कथन बढी काम लाग्दो मानिन्छ । केही मात्रामा उद्धरण चिह्नभित्र प्रत्यक्ष कथन राख्नाले समाचारमा प्राथमिकता र जीवन्तता बढ्छ, यसबाट समाचार विश्वसनीय बन्छ तर त्यसको बढी प्रयोगले लेखाइ भद्दा र अव्यवहारिक हुन जान्छ । बोलीचालीको भाषा सङ्क्षिप्त नभई विस्तारित हुन्छ, त्यसलाई त्यही रूपमा राख्दा लेखाइ छरितो हुँदैन । यसकारण केही खास महत्त्वका प्रत्यक्ष उद्धरणबाहेक समाचारमा सङ्क्षेपीकरण गरिएको अप्रत्यक्ष कथन नै प्रयोग गर्नु उचित मानिन्छ ।

## अनुच्छेद गठन

समाचार लेख्दा अनुच्छेद गठनमा पनि विशेष महत्त्व दिनुपर्छ । परस्पर आवद्ध हुनसक्ने मिल्दाजुल्दा बुँदाहरू र सिलसिलाबद्ध वाक्यहरूको सङ्गठित रूप नै अनुच्छेद हो । समाचारमा छोटा-छरिता अनुच्छेहरू प्रयोग गरिन्छ, ठूला अनुच्छेद प्रयोग गरिन्न । समाचारमा बढी प्रचलित अनुच्छेदहरूलाई आकारका आधारमा मोटामोटी ३ तहमा बाँड्न सकिन्छ :-

क) साना अनुच्छेद सरदर २५ शब्दसम्मका । प्रायः आमुखमा, उपसंहारमा र विवरणका केही अंशमा साना अनुच्छेद प्रयोग गरिन्छ । ख) मध्यम अनुच्छेद सरदर ५० शब्दसम्मका ।

ग) ठुला अनुच्छेद ७५ शब्दसम्मका ।

समाचार घटनाले नयाँ मोड लिदा वा नयाँ विचारको सङ्क्रमण हुनासाथ अनुच्छेद फेरिन्छ । फरक-फरक घटना र अलग-अलग प्रकृतिका विचारलाई एउटै अनुच्छेदमा बाँध्नु राम्रो हुँदैन । त्यस्तो अवस्थामा छुट्टै अनुच्छेदको व्यवस्था गर्नुपर्छ । अनुच्छेदभित्र ठोस प्रकृतिका सार्थक वाक्यहरू राख्नुपर्छ ताकी हरेक वाक्यले विषयवस्तुको एउटा-एउटा महत्त्व र गतिविधिलाई बोकेको होस् तथा अघिपछिका वाक्यहरूसँग हातेमालो गरेको होस् ।

सत्य सूचनाको माध्यमबाट जनताको भलो गर्नु नै समाचार प्रस्तुतिको उद्देश्य हो । यसक्रममा समाचारलाई सरल, छरितो र सुन्दर र रूचिपूर्ण भाषामा त्रुटिहरूबाट जोगाएर

लेख्नु अति आवश्यक मानिन्छ । भाषा व्याकरणसम्मत, तर्कसङ्गत तथा यथासक्य रोचक र आकर्षक हुनुपर्छ । अनुभवी र असल पत्रकारहरूका लेखनमा भाषिक सिप र शुद्धतामा विशेष ध्यान पुऱ्याइएको देखिन्छ । भाषाप्रतिको लापरवाहीले सम्बन्धित व्यक्तिको पत्रकारिता पेसाप्रति कै लापरवाही झल्काउँछ । यसर्थ पत्रकारितामा  लागेका तथा समाचार निर्माण गर्ने व्यक्तिका लागि भाषशैलीको शुद्धता उच्च महत्त्वको कार्य मानिन्छ ।

## २.४.२ सञ्चार

एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्केत बोली, लिपि वा अन्य कुनै प्रकारले विचार धारणा एवं जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । सञ्चार प्रक्रियामा दुई पक्षको बीचमा खवर आदानप्रदान हुन्छ । त्यसबेला मात्र सफल भएको मानिन्छ जब प्रेषकले जस्तो किसिमको अर्थ लगाएर पठाएको छ प्रापकले पनि त्यस्तै अर्थ लगाएर बुझ्न सकोस् अधिकारी : २०५६:१ ।

नेपाली भाषामा सञ्चार शब्द अंग्रेजी भाषाको Comunication शब्दको अर्थका रूपमा प्रयोग गरिन्छ । यो Comunication शब्द ल्याटिन भाषाको कम्युनिस शब्दबाट आएको मानिन्छ । यसको अर्थ  साझा वा साझेदारी । सञ्चारको मुख्य माध्यम भाषा हो भन्ने हुन्छ । भाषाबाट कुनै छापा माध्यमबाट प्रसारण भएका हुन्छन् भने केही विद्युतीय माध्यमबाट प्रसारण भएका हुन्छन् । यस्तो सञ्चार माध्यमबाट भाषाको विकास तथा विस्तार छिटो हुन्छ र सञ्चार व्यवस्थामा पनि सामाजिकीकरणका साथै अन्तरक्रियाको एक भाषिक प्रस्तुति बन्दछ  भण्डारी २००८: ३ ।


कुनै व्यक्ति आफ्नो विचार, भनाइ र सूचनाहरूलाई व्यवस्थित रूपले अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउन चाहाने सम्पूर्ण पक्रिया नै सञ्चार हो । जस्तै इशारा, रेखाचित्र, ध्वनि, हाउभाउ, भाषा, लिपि प्रकाशन र प्रसारणलगायतका माध्यमबाट मानिसले आफ्नो कुरा अरूलाई पुऱ्याउँछ । मानवले यही क्रममा अरूबाट आफूले पनि प्राप्त गर्छ । यो एउटा भाषिक प्रक्रिया हो कँडेल २०६३:२ ।

सञ्चार प्रक्रियामा सबैभन्दा मुख्य प्रक्रिया भनेको सन्देश वाहक  वा स्रोत हो । यसबाट उसले कुन सन्देश कसरी र कसका लागि पठाउने भन्ने निर्धारण गर्दछ । प्राप्तकर्ताले के बुझ्ने गऱ्यो भन्ने कुरा थाहा पाउनका लागि नै प्रतिक्रियाको अपेक्षा गरिन्छ

। प्रतिक्रियामा प्राप्तकर्ताले सन्देश बुझेको कुरालाई उल्लेख गर्दछ । कहिलेकाहीँ सञ्चारकर्ताले पठाएको सन्देश प्राप्तकर्ताले अर्कै अर्थमो बुझ्न पनि सक्छन् । यसमा माध्यमको छनोट ठीक तरिकाले नभएमा सन्देश सही सम्प्रेषण नहुने खतरा हुन सक्छ । त्यसैले सन्देश प्रवाहित हुँदा सन्देश कमजोर बन्न गएर वा माध्यममा उत्पन्न हुने अवरोधका कारण यस्तो हुन सक्छ र सञ्चार प्रक्रियाका दुई मुख्य तत्त्वहरू भनेका सञ्चारक र प्राप्तकर्ता हुन् कँडेल २०६३:५ ।

सञ्चार प्रक्रिया विभिन्न ढाँचाद्वारा सम्पन्न हुन्छ । सञ्चारमा ढाँचा भन्नाले सञ्चारका प्रक्रियाहरू कसरी हुन्छन् ? कस्तो खालका तत्त्वहरू यसमा समावेश भएका हुन्छन् भन्ने कुरालाई सरल ढङ्गले प्रस्तुत गर्ने कार्यलाई सञ्चार प्रक्रियाको ढाँचाले जनाउँदछ । यस्ता ढाँचाहरू रेखात्मक र चक्रीय गरी दुई प्रकारका हुन्छन् । रेखात्मक ढाँचामा प्रेषक र प्रापक दुवैको समान सहभागिता हुन्छ । यो रेखात्मक ढाँचा हो । सञ्चार प्रक्रियालाई रेखाचित्रमा यसरी देखाइएको हुन्छ पाइन्छ -

प्रेषक र प्रापक दुवैको समान सहभागिता भएको चित्र




स्रोत राजेन्द्र प्रसाद दाहाल २०६६: ११

## २.४.३ आम सञ्चार वा जनसञ्चार

असीमित जनसमुदायका लागि कुनै माध्यमको सहायताले कुनै पनि विषयवस्तुलाई सन्देशका रूपमा प्रकाशन वा प्रशारण गर्ने प्रक्रियालाई आमसञ्चार वा जनसञ्चार भनिन्छ अधिकारी २०६१ ।

आम शब्दले धेरै ठूलो सङ्ख्यालाई बुझाउँदछ भने सञ्चारले एकदेखि अर्को वा धेरै स्थानमा सन्देशहरू पुऱ्याउने प्रक्रियालाई जनाउँछ । जनसञ्चारको अर्को माध्यम आम

सञ्चार हो । यसमा जनताका सूचनाहरूलाई ठूलो सङ्ख्याको समूह, दर्शक तथा श्रोतामाझ सञ्चार गरिन्छ  आचार्य २०६५:१८ ।

आधुनिक प्रविधिमा जडान गरी सञ्चार माध्यमद्वारा धेरै सङ्ख्यामा रहेका जनसमक्ष पुऱ्याउने प्रक्रियालाई आमसञ्चार वा जनसञ्चारका रूपमा लिने गरेको पाइन्छ । आमसञ्चारलाई एकतर्फी सन्देश दिने प्रक्रिया पनि भनिन्छ, किनभने यसमा प्रापकको प्रतिक्रिया अन्य प्रकारका समाचारको तुलनामा कम मात्रामा र ढिलो प्राप्त हुने गर्छ ।

सञ्चार प्रक्रियामा पाँचवटा तत्त्वहरूले काम गर्दछन् । १) सूचना दिने दाता वा प्रेषक २) सूचना पाउने प्राप्तकर्ता वा ग्रहणकर्ता, ३) सञ्चार गर्ने साधन वा माध्यम ४) प्रविधि र ५) सूचना वा सन्देश तथा प्रतिक्रिया । सरल रूपमा भन्नु पर्दा सन्देशदाताले कुनै सूचना तयार पार्छन् । त्यसलाई ध्वनि,शब्द, भाषा, चित्र आदिका आधारमा कुनै उपयुक्त सङ्केतमा ढाल्छन् । खास प्रविधि र साधनमार्फत् प्राप्तकर्तालाई पठाउँछन् । प्राप्तकर्ताले त्यो सन्देशलाई आफूले बुझ्न सक्ने सङ्केतमा ढाल्छ अनि सन्देश बुझियो कि बुझिएन भन्ने प्रतिक्रिया जनाउँछ ।

जनसञ्चारको विकास हेर्ने हो भने ई.पू. ५९ मा रोमन सम्राट जुलियस सिजरले आफ्ना सांसद, सिनेटहरू र आफ्नो प्रदेशको रेखदेदख गर्ने जिम्मा पाएका मानिसहरूलाई निर्देशन दिन विभिन्न सामाजिक र राजनैतिक गतिविधिबारे जानकारी दिन एउटा *ड्यूना, पिपुल रोमानी* नामक पत्रिका प्रकाशित गरेका थिए । पत्रकारिताको इतिहासमा यो पत्रिकालाई पहिलो मानिन्छ । ईसापछि ६१८ तिर चीनका तत्कालीन ताङ्वंशी राजाहरूले सूचना निकाल्थे जसलाई पछि पेकिङ् गजेट भनिएको पाइन्छ । जुन पत्रिकालाई विश्वकै पहिलो पत्रिका मानिन्छ अधिकारी २०६२:४४ ।

आमसञ्चारको माध्यमहरूमा विकासले फरकपन ल्याएको छ । आम सञ्चारका माध्यमहरूको प्रभावकारिता दिनदिनै बढ्दै गइरहेको छ । पत्रिका, पुस्तक, रेडियो, टि.भि. नहेर्ने र नसुन्ने मान्छेको समेत कल्पना गर्न नसकिने अवस्थामा आमसञ्चारको विकास हुन पुगेको छ । अहिले आएर इमेल इन्टरनेटको प्रयोगले विश्व एउटा कोठामा थन्किएको जस्तो महसुस हुन्छ । विश्वको जुनसुकै ठाउँमा घटेका घटनाहरू छिटोभन्दा छिटो सञ्चारका

माध्यमबाट हाम्रो हाम्रो कम्प्युटर र मोवाइलमा हेर्न र पढ्न सकिने अवस्था आएको छ । आमसञ्चारका विभिन्न माध्यमहरूलाई तालिकामा यसरी देखाइएको पाइन्छ ।

**तालिका नं. १**

**आमसञ्चार माध्यम**

छापा माध्यम | प्रशारण माध्यम | अन्लाइन माध्यम

| | | | | |
|---|---|---|---|---|
| पुस्तक | म्यागेजिन | समाचारपत्र | रेडियो | इ पत्रिका |
| | सामान्य | दैनिक | टिभि | इन्टरनेट |
| | वेभ-साइट | सामाजिक | सा.भि. डकोमेन्ट्री | इमेल |
| | व्यवसायीक | पाक्षिक | केवुल प्रसारण | स्याटलाइट |
| | | त्रैमासिक | | |
| | | वार्षिक | | |

स्रोत : कँडेल २०६३: २१

## २.४.४. छापा माध्यम

सूचना गर्नुपर्ने कुरालाई मुद्रण कार्य गरी जनसमुदायसम्म पुऱ्याउने आमसञ्चारको माध्यमलाई छापा माध्यम भनिन्छ । जब छापाखानाको स्थापना भयो तब यसले परम्परागत सञ्चार माध्यमलाई स्वतः विस्थापित गऱ्यो । छापा माध्यमलाई आधुनिक सञ्चार माध्यमका रूपमा लिइन्छ । छापा माध्यमअन्तर्गत तीनवटा माध्यम पर्दछन् । ती हुन्- पुस्तक, म्यागेजिन र समाचारपत्र आदि ।

### क) पुस्तक

सञ्चारको सबैभन्दा पुरानो माध्यम पुस्तक हो । पुस्तकलाई ज्ञानको भण्डारका रूपमा लिइएको छ । यसको अध्ययनबाट विविध विषयमा शिक्षा लिन सकिन्छ । यसको ऐतिहासिक पक्षलाई हेर्ने हो भने *जोन गुटेन वर्ग* सन् १४५४ तिर छापाखानाबाटै मुद्रण भएको हो ।

त्यसवेला गुटेनवर्गले ३ सय थान वाइवल पुस्तक प्रकाशन (मुद्रण) गरेको पाइन्छ । हाल आएर छापा माध्यमको विकाससँगै पुस्तक आमसञ्चारको क्षेत्रमा महत्त्वपूर्ण माध्यम बनिसकेको छ आचार्य २०६४:६ ।

**ख) म्यागेजिन**

पृष्ठहरु बाँधिएका आकर्षक आवरणकासाथ हुने समसामयिक प्रकाशनलाई म्यागेजिन भनिन्छ । म्यागेजिनमा विभिन्न विधाका सामग्रीहरू समेटिएका हुन्छन् । अखबारका तुलनामा म्यागेजिनको समय सीमा लामो हुन्छ । म्यागेजिन साप्ताहिक, पाक्षिक, मासिक, दैमासिक आदि हुन्छन् । म्यागेजिनमा मुख्यतया खोजमूलक सामग्री, विश्लेषण स्तम्भ र फोटो सामग्रीहरू रहन्छन् । म्यागेजिन समाचारमूलक, खेलकूद, पारिवारिक, वातावरणीय, चलचित्र, आर्थिक र विविध गरी विभिन्न प्रकारका हुन्छन्  खनाल २०६१:८ ।

**ग) समाचारपत्र**

समाचारपत्रले निश्चित समयमा वा मितिमा प्रकाशन हुने मुद्रित सामग्रीलाई जनाउँदछ । समाचारपत्रहरू दैनिक, साप्ताहिक, पाक्षिक र मासिक  रूपमा प्रकाशित हुने गर्दछन् । समाचारपत्र समयका हिसाबले प्रभातकालीन, मध्यान्नकालीन र सन्ध्याकालीन भनी प्रकाशन हुने गर्दछन् । समाचारपत्रमा शब्दका साथमा फोटो पनि हुन्छ । सूचना जानकारीका लागि अघिल्लो दिनको अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरमा के कस्ता घटना घटे भन्नेबारे थाहा पाउन समाचारपत्र पढ्ने गरिन्छ खनाल २०६१ : ५ ।

समाचारपत्र सञ्चारका विभिन्न साधनमध्ये एक महत्त्वपूर्ण माध्यम हो । समाचारपत्रलाई स्थानीय स्तरका सन्दर्भदेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भलाई उठान गर्नसक्ने सर्वसुलभ माध्यमका रूपमा लिइन्छ । विश्वको प्रत्येक देश र ठूला सहरबाट दैनिक समाचारपत्र प्रकाशित भई नै रहन्छन् । यसलाई प्रायजसो शिक्षित व्यक्तिले मात्र प्रयोग गर्दछन् ।

समाचारपत्र शब्दले छापा माध्यमको एक सशक्त प्रकारको औजारलाई जनाउँदछ । यी विभिन्न विचारहरू, विभिन्न दृष्टिकोणहरू, लेख रचनाहरू, विज्ञापनहरू, कार्टुन आदि स्तम्भका माध्यमबाट जनतालाई सूचना दिनका लागि प्रकाशित हुने गर्दछन् ।

समाचारपत्रको विकास ४००-५०० वर्ष अगाडि युरोपमा भएको थियो यो राजनैतिक पम्पलेट तथा समाचारहरूमा आधारित थियो । जनसञ्चारको विकास छापाखाना र कागजको आविष्कारसँगै भएता पनि नेपालमा आधुनिक आम सञ्चारको विकास भने राणा कालमा जङ्गबहादुरले सन्(१९५१) मा प्रेस ल्याएपछि भयो  रेग्मी २०५८ : ३२ ।

नेपाली पत्रिकाको इतिहासमा *गोरखापत्र* लाई सबैभन्दा जेठो समाचारपत्रका रूपमा लिइन्छ । यो वि.सं. २०५८ साल वैशाख २४ गतेदेखि प्रकाशनमा आएको पाइन्छ । सुरूमा *गोरखापत्र* साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित भएको थियो । नेपालमा अखबारको पर्यायवाची शब्दका रूपमा चलेको *गोरखापत्र* २००७ साल अगाडि सरकारी गजेटका रूपमा लिइन्थ्यो । हाल आएर महत्त्वपूर्ण सरकारी सूचनाहरू प्रकाशन गर्ने प्रमुख माध्यमका रूपमा गोरखापत्र प्रकाशित छ बस्नेत २०६४ पत्रकारिताका आयाम । इन्साइक्लोपेडिया ब्रिटानिकका अनुसार समाचाचारपत्र जिल्दा नभएको एक धारवाहिक प्रकाशन हो जुन नियमित रूपमा प्रकाशित हुन्छन् र जसमा समाचारहरूलाई विशेष स्थान दिइन्छ । समाचारपत्र वर्तमान युगको समाजको एक ऐना हो । समाचारपत्र साधारण मानिसको एक शिक्षक पनि हो । जनतालाई जागरुक गराउने सबैभन्दा सस्तो सुलभ साधन पनि समाचारपत्र हो । सम्पूर्ण विश्व नै एक परिवार हो भन्ने शाश्वत सत्यलाई समाचारपत्रले प्रमाणित गरेको छ ।

समाचारपत्र निर्माण गर्नका लागि विभिन्न पक्षहरूको आवश्यकता पर्दछ । यसलाई समाचारपत्रको साङ्गठनिक पक्षलाई निम्न अनुसार देखाइएको छ :-

**तालिका नं २**

**समाचारपत्रको संगठन**

| सम्पादकीय विभाग (पक्ष) | व्यापार विभाग (पक्ष) | प्राविधिक विभाग |
|---|---|---|
| समाचार | विज्ञापन(स्थानीय, राष्ट्रिय र वर्गीकृत) | कम्पोजिङ्ग |
| फिचर | सञ्चालन | इनग्रेनिङ्ग |
| टिप्पणी | | स्टेरोटाइपिङ्ग |
| स्तम्भ | | प्रेस |
| सम्पादकीय | | |
| कार्टुन | | |

स्रोत दाहाल २०६६ : १६

## २.४.५ नेपालमा आमसञ्चार

समाचारका क्षेत्रमा भएको विकासले आम सञ्चारको क्षेत्रलाई व्यापक वनाएको छ, जसको फलस्वरूप नेपाली छापा पत्रकारिताको इतिहासले पनि एक शताब्दीको लामो फड्को मारिसकेको छ । त्यस्तै नेपाली विद्युतीय सञ्चार माध्यमले समेत ६० वर्ष पार गरिसकेको छ । नेपालमा आमसञ्चारको प्राचीन स्वरूप नारा लगाएर ढोलक बजाएर शङ्खनाद गरेर जनताको ध्यानाकर्षण गरी नयाँ नयाँ खवर तथा सूचना दिने माध्यमका रूपमा लिइएको थियो तर आज आएर यो एक छिनमै सूचना दिनसक्ने माध्यमका रूपमा विकसित भइरहेको छ कोइराला २०५८ : ५५ ।

प्रजातन्त्र स्थापनाभन्दा अगाडिको समय नेपालमा वाह्य सञ्चार सूचनाभन्दा अलग थियो । आन्तरिक सञ्चार सञ्चालनमा हुलाक सेवालाई अपनाइएको थियो । त्यतिबेला नेपालको सम्बन्ध भारत र ब्रिटिस सरकारसँग मात्र थियो । नेपाली पत्रिकाको इतिहासमा *गोरखापत्र*लाई पहिलो पत्रिकाका रूपमा लिइएको छ । 'गोरखापत्र' प्रकासित हुनुभन्दा अगाडि नै १९४८ सालतिर वनारसबाट युवक कवि मोतिराम भट्टको सक्रियतामा गोरखा भारत जीवन पत्रिका प्रकासित भएको देखिन्छ । वि.स. १९५६ मा *सुधासागर* प्रकाशनमा आएको भण्डै दुईबर्षपछि वि.सं. १९५८ सालमा *गोरखापत्र* प्रकाशनमा आएको पाइन्छ रेग्मी २०५८ : ३२ ।

*गोरखापत्र* प्रकाशनपछि अरू पत्रिकाहरू पनि प्रकाशन हुन थाले । वि.सं. १९५९ मा उपन्यास तरङिगनी, सुन्दरी(१९६३), *माधवी* (१९६५), *चन्द्र र* २००६ मा *हाम्रो कथा* पुस्तक आदि पत्रिका तथा पुस्तकहरुको प्रकाशनले सञ्चार माध्यमको विकास अगाडि बढेको पाइन्छ । *'सुन्दरी' र 'माधवी'* बनारसबाट प्रकाशित साहित्यिक पत्रिका हुन् ।

वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि यसले मानिसमा ठूलो चेतना ल्यायो । धेरै पत्रिकाहरू नेपालबाटै प्रकाशित हुन थाले । वि.सं. २००७ साल चैत्र २० गते रेडियो नेपालको प्रसारणबाट विद्युतीय सञ्चार माध्यमको विकास भयो । त्यसपछि राजनैतिक विचारधारा बोकेका पत्रिकाहरू देखा पर्न थाले । २०१७ साल फाल्गुन ७ गतेदेखि गोरखापत्र दैनिक पत्रिकाका रूपमा प्रकाशित हुन थाल्यो आचार्य २००६ : ०९ । वि.सं. २०४७ साल अगाडि प्रेससँग सम्बन्धित विभिन्न नियम र कानुन बने । २०४७ को संविधानले सूचना र

विचारको हकको ग्यारेन्टी गऱ्यो । विभिन्न प्रविधिहरूको विकास हुन थाल्यो । आमसञ्चारमा दक्षताको अभिवृद्धिसँगै यसले व्यवसायको रूप लिएको छ । त्यसपछि सञ्चारको क्षेत्रमा निजी लगानीकर्ताहरू बढी हुँदै गए । *कान्तिपुर, राजधानी, नागरिक, अन्नपूर्ण पोष्ट* जस्ता राष्ट्रिय पत्रिकाहरूसमेत प्रकाशन हुन थाले । नेपाल टेलिभिजनसँगै निजी क्षेत्रका कान्तिपुर, इमेज च्यानल, सगरमाथा, एभिन्युज, एबिसी जस्ता टेलिभिजनको समेत विकास भयो । पत्रकारिता विषयको पढाइ विभिन्न क्याम्पसहरूमा हुन थाल्यो । नेपालका प्रत्येक जिल्लाहरूमा एफ.एम. स्टेसनहरु सञ्चालनमा आएका छन् । यसले गर्दा आज नेपालमा आमसञ्चारको विकास यहाँसम्म आएको छ ।

## २.४.६ समाचारको परिचय

पत्रकारिताको मेरुडण्ड नै समाचार हो । पत्रकारिता भनेको समसामयिक महत्त्वका घटना, गतिविधि र विचारलाई संस्थागत रूपले सङ्कलन, लेखन, सम्पादन, संयोजन तथा प्रकाशन वा प्रसारण गरी जनसमुदायमा पुऱ्याउने कार्यहरूको समुच्चय मानिन्छ । यो ज्ञान विज्ञानको एक विषय वा विधा पनि हो । सार्वजनिक महत्त्वका सूचना र विचारहरूको प्रसारप्रसार गर्नु नै पत्रकारिताको मुख्य उद्देश्य हो । यस उद्देश्यअनुसार समाचार नै पत्रकारिताको महत्त्वपूर्ण अङ्ग मानिन्छ ।

छापा पत्रिकाका अतिरिक्त रेडियो र टेलिभिजनमा पनि समाचारको ठूलो महत्त्व हुन्छ । सारांशमा के भन्न सकिन्छ भने समाचार नै पत्रकारिताको मानी वा मियो हो, जसका केन्द्रीयतामा जनमाध्यमका अन्य विषयवस्तुहरु परिचालित हुन्छन् ।

व्युत्पत्ति र शब्दार्थअनुसार **समाचार** शब्द संस्कृत भाषाको **चर** धातुबाट व्युत्पन्न भएको हो । **चर** धातुको अर्थ हिड्नु, फैलिनु र चलायमान हुनु हो । **चर** धातुमा **सम** उपसर्ग र **आ** उपसर्ग लागेर तथा **घञ्** प्रत्यय जोडिएर समाचार (सम+आ +चर+घञ (अ)) शब्द बन्दछ । यस आधारमा समाचारको शाब्दिक अर्थ विशेष गतिविधि, व्यवहार वा क्रियाकलापसँग सम्बन्धित कुरा भन्ने हुन जान्छ ।

नेपाली बोलीचालीमा समाचार शब्द **सम्चार** का रूपमा धेरै पहिलेदेखि नै प्रचलित भएको पाइन्छ तर पारिभाषिक अर्थमा प्रचलित समाचार शब्द भने अङ्ग्रेजी शब्द न्युजको समानार्थीका रूपमा रहेको छ । न्युजलाई न्यु (नयाँ) को बहुवचन मान्ने र त्यसैका आधारमा

नौलोपनलाई समाचार भनिएको पनि पाइन्छ । स्मरण रहोस् न्यु शब्द ल्याटिन भाषाको नोवा शब्दबाट विकसित भएको हो । जसको अर्थ संस्कृत भाषाको नब शब्दको जस्तै नयाँ भन्ने अर्थ लाग्छ । (बस्नेत : २०६४ पत्रकारिताका आयाम)

न्युज (News) शब्दको हिज्जेमा अङ्ग्रेजी भाषाका चार दिशा बताउने शब्दहरूका अघिल्ला अक्षर रहेका छन् । जस्तै :-

N North (उत्तर)

E East (पूर्व)

W West (पश्चिम)

S South (दक्षिण)

यसैलाई आधार बनाएर हेडन (Haden) ले चारै दिशाका गतिविधि (Events of all direction) लाई समाचार भनेका छन् । अङ्ग्रेजीमा न्युज (News) शब्दको हिज्जेको विकासक्रम हेर्दा यो कुरा मिल्दैन । यसको हिज्जे सन् १४२३ मा NEWIS थियो, सन् १९८५ मा NEWYES भयो, सन् १९२३ मा आइपुग्दा NEWES लेख्न लागियो, सन् १९५० पछि मात्रै NEWS लेख्न थालिएको देखिन्छ, तापनि सन् १९६२ सम्म NEWES नै लेखिएको पाइन्छ ।

यसरी हेर्दा न्युज शब्दको अर्थसँग चार दिशाको सम्बन्ध देखिनु केवल संयोग मात्र हो र अर्थापन गरी बुझ्न सजिलो पारिएको हो । माथि वर्णन गरिएका व्युत्पत्तिमूलक अर्थबाट समाचार वा News शब्दको वर्तमान तात्पर्य तथा विधागत पारिभाषिक अर्थ प्रकट हुँदैन । त्यसको घुमाउरो सङ्केत वा झिनो आभाससम्म व्यक्त हुन्छ । समाचार शब्दको विशिष्ट तात्पर्य वा पारिभाषिक अर्थ बुझ्न यस विषयका अनुभवी तथा विद्वानहरूका परिभाषा हेर्नु आवश्क हुन्छ । केही विद्वानहरुले दिएका परिभाषाहरू निम्नानुसार छन :-

"कुनै घटना, तथ्य वा अभिमतको अभिलम्ब सूचना नै समाचार हो जसले जनसमुहको उल्लेख्य सङ्ख्यालाई आकर्षित गर्दछ ।" - William L. Rewers

"समाचारका मूलभूत तत्त्वहरू जनता र तिनका कार्यहरू नै हुन् । कुनै पनि कुरा जसलाई हिजोसम्म जानिएको थिएन, जसले पाठकलाई आकर्षित गर्छ, जसले आजका दिनमा भोलिको इतिहास निर्माण गर्छ, जसले यथास्थितिभित्र वा यथास्थितिमा नै फेरबदल

देखाउँछ, जसलाई रोचक लाग्ने घटना, विचार वस्तुस्थितिहरूको अविलम्व एवम् तथ्यपूर्ण सूचना नै समाचार हो ।" - Neal O Browers

"समाचार भनेको सार्वजनिक अभिरुचिसित सम्बन्धित भर्खरैका सत्य घटना, धारणा वा समस्याबारे दिइने सूचनाको टुक्रा हो ।" - भैरव अर्याल

पत्रकारिताका क्षेत्रमा समाचारका विषयमा कलम चलाउने हरेक लेखकले आ-आफ्नै शैली प्रयोग गरी समाचारको परिभाषा दिएका छन् । ती फरक-फरक देखिने परिभाषाका बीचमा कुनै विरोध भने देखिदैन । कतै परिपूरकता कतै अनुपूरकता भेटिन्छ भने धेरै जसो कुरामा सहमति रहेको छ । पहिलो कुरा समाचार जे सुकै विषयमा पनि हुन सक्छ । कुनै घटना, गतिविधि, विचार, प्रतिक्रिया, खोज अनुसन्धानलगायत् जीवन जगत्का कुरा समाचारका विषय बन्न सक्छन्, तर तिनमा समसामयिकता र तत्कालिकता, नवीनता तथा नौलोपन हुनै पर्छ । नवीनता नै समाचारको प्राणतत्व हो । यस अर्थमा समाचार भनेको नवीनतम् सूचना हो । दोस्रो कुरा समाचार बन्नका लागि कुनै पनि कुरा सार्वजनिक सरोकार, महत्त्व, चासो तथा अभिरुचिको विषय हुनुपर्छ ।

समसामयिक गतिविधिको नवीनतम् सूचना नै समाचार हो । यसको सम्प्रेषण छापा पत्रिका, रेडियो र टेलिभिजनबाट गरिन्छ । कुनै घटना गतिविधि आफैमा समाचार होइन । उक्त घटना जतिसुकै रोचक र सार्वजनिक महत्त्वको भए पनि स्वतः समाचार बन्दैन । जब त्यस विषयलाई व्यवस्थित सूचनाका रूपमा ढालिन्छ तबमात्र समाचार बन्दछ । यसो भनौ घटना नै समाचार होइन त्यसको सूचना समाचार हो । समाचार आफै बन्ने कुरा होइन बनाइने कुरा हो । अङ्ग्रेजीमा एउटा भनाइ छ : News is not ready madem it is made अर्थात् समाचार आफैँ तम्तयार हुँदैन, यसलाई निर्माण गरिन्छ ।

एउटा समाचार निर्माण गर्न पत्रकारले प्रशस्त मेहनत गर्नुपर्छ । तथ्यहरूको सङ्कलन र तिनमा समाचार मूल्यको पहिचान गरी विशेष प्रकारको संरचना र भाषाशैलीमा लेखेर, बोलेर र छायाङ्कन गरेर मात्र समाचार बनाइन्छ । यसो गर्दा सम्बिन्धित पत्रकार वा संस्थाका मूल्य-मान्यता, दृष्टिकोण, गतिविधि, पत्रकारको प्रतिभा, सिप, योग्यता, क्षमता र मिहिनेतले खारिएर राम्रो समाचार बन्दछ ।

## २.४.७ समाचारको इतिहास

सामाजिक र सार्वजनिक महत्त्वका सूचना सर्वसाधारणलाई जानकारी दिन कटुवाल घोकाउने प्रचलन पत्रकारिता एवं समाचारको पूर्व अभ्यास मानिन्छ । मानिसले लेखपढ गर्न जानेदेखि नै पत्रकारितातर्फ तातेताते गर्न थालेपनि मुद्रणप्रविधि र कागजको युग नआएसम्म गुफाका भित्तामा वा धुलौटो कोरेर सीमित भाव प्रकाशन गरेर चित्त बुझाएको पाइन्छ । प्रेसको विकासबिना पत्रकारिता र समाचारको परिकल्पना गर्न सकिन्न । प्रेस वा मुद्रणको इतिहासका साथसाथै आधुनिक पत्रकारितासँगै समाचारको इतिहास अगाडि बढेको पाइन्छ ।

आधुनिक पत्रिका युरिपियन आविष्कार हो । करिब सन् १५६६ तिर हस्तलिखित पत्रिका भेनिसमा सुरुवात भएको पाइन्छ । पहिलो छापा पत्रिका सन् १६०९ मा साप्ताहिक रूपमा जर्मनीमा प्रकाशित भएको पाइन्छ । उक्त पत्रिकालाई सरकारले निगरानी गर्थ्यो । सो पत्रिकामा विदेशी समाचार र सामानहरूको मूल्य प्रकाशन गरिन्थ्यो www.histry of newspaper publications ।

पत्रिकाको प्रकाशन व्यापक रूपमा १६ औँ शताब्दीबाट सुरु हुन थाल्यो । यद्यपि पत्रिकाको जस्तो स्वरूपमा प्रकाशन करिब १६ औँ शताब्दीमै जर्मनीमा भएको पाइन्छ । निश्चित समयको अन्तरालमा निस्कने ती पत्रिकामा समाचारका विषयवस्तुहरू छापिने हुँदा तिनलाई पत्रिकाका रूपमा वर्गीकरण गर्न सकिन्थ्यो । १६ औँ शताब्दीको अन्त्यतिर समाचारहरू अत्यन्तै छानिएका हुन्थे, जुन प्रायजसो प्रचारात्मक हुन्थे । पाठकहरु जादू, मृत्युदण्ड, विपत्तिजस्ता विषयहरू पढ्नलाई इच्छुक हुन्थे तत्कालीन पत्रिकाहरूले राज्यको आलोचनात्मक विचारहरू प्रकाशन गर्दैनथे । पोर्चुगल, बेलायत, जर्मनी, नेदरल्याण्डलगायतका देशहरूबाट पत्रिका प्रकाशन र समाचारको इतिहास सुरु भएको हो ।

तत्कालीन पत्रिकाहरुले विशेष गरेर छोटा लेखहरू, अल्पकालिक शीर्षकहरू र सेवामूलक लेखहरू प्रकाशन गर्दथे । ती लेखहरू विभिन्न लेखकहरूले लेख्दथे जसको परिचय ओझेलमा पारिन्थ्यो । ती पत्रिकाहरूले विस्तारै विज्ञापन पनि छाप्न थाले । श्रमिकको फुर्सदको समयलाई मध्यनजर गरी पत्रिका प्रकाशन गर्न थालियो । समाचारपत्रहरूमा मुख्य घटनाहरूका साथै युद्ध समाचारहरू छापिदै आजको समयमा आउँदा सबै प्रकृतिका समाचारहरू प्रकाशन गर्न सक्ने गरी विश्वमा पत्रिकाहरू प्रकाशन भैरहेका छन् । युरोपबाट

सुरू भएको पत्रिका र समाचारको यात्रा आज संसारभर फैलिएको छ www.histry of newspaper publications ।

## २.४.८ नेपालमा समाचारको इतिहास

नेपालमा सामाजिक र सार्वजनिक महत्त्वका सूचना सर्वसाधारणलाई जानकारी दिन कटुवाल घोकाउने प्रचलन पत्रकारिता एवं समाचारको पूर्व अभ्यास मानिन्छ । सुरुमा नेपाली पत्रिकाले समाचार सम्प्रेषणको उद्देश्य लिएर पत्रपत्रिका प्रकाशन गरे पनि यिनीहरूले भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याएको मानिन्छ । नेपाली पत्रकारितालाई हेर्दा सुरूमा राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणा बेलायतबाट फर्केर आउँदा १९०८ मा ल्याएको हाते प्रेस(गिद्धे प्रेस) नै पहिलो छापाखाना हो भुषाल : पत्रकारिताका विधाहरु २०६० ।

पत्रकारितालाई समसामयिक समाचार तथा विचारहरू अधिकांश जनतासामू पुऱ्याउने सञ्चारको प्रभावकारी माध्यम मानिन्छ । पत्रकारिता ज्ञानको व्यवसाय पनि हो, किनकि यसले जनतामा सत्यतथ्य जनसरोकारका समाचार फैलाउने कार्य गरेको हुन्छ । तत्काल देखेका, जानेका, समाजमा घटेका राम्रानराम्रा र वास्तविक घटनाहरूको सूचना दिने र व्याख्या विवेचना गर्ने काम यसअन्तर्गत पर्दछन् । एक मानिसलाई अरू मानिसका गतिविधि, विचार, अनुभव आदिका बारेमा अवगत गराउनु पत्रकारिताको उद्देश्य हो । स्वस्थ पत्रकारिता समाजको आँखा भएकाले पत्रकारहरूले सत्य, तथ्य, स्वच्छ, सटिक समाचारलाई निर्भीकताकासाथ जनतासम्म पुऱ्याउनु उचित मानिन्छ ।

नेपालमा पत्रिकाको प्रकाशन वि.सं. १९५८ मा *गोरखापत्र*को प्रकाशनसँगै प्रराम्भ भएर विभिन्न चरणमा विभिन्न प्रकारका सङ्घर्षमय खुड्किला पारगर्दै अघि बढेको पाइन्छ । प्रारम्भिक चरणमा डर र त्राससँगै हुर्किरहेको पत्रकारिताको स्थिति हाल समयको परिवर्तनसँगै दिनानुदिन देशका जिल्ला र विभिन्न ठाउँमा स्वतन्त्र ढङ्गले पत्रिकाको संख्या बढाउँदै समाचार सम्प्रेषण गरिरहेको देखिन्छ ।

नेपालमा पहिलो समाचारपत्र *गोरखापत्र* वि.सं. १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक रूपमा प्रकाशन भएको पाइन्छ । श्री ५ पृथ्वी वीर विक्रम शाहदेव र श्री ३ प्रधानमन्त्री देवशमशेरका पालादेखि सुरु भएको *गोरखापत्र*को प्रकाशनका प्रथम व्यवस्थापक पं. नरदेव पाण्डे हुन् । दोस्रो व्यवस्थापक भने जय पृथ्वीबहादुर सिंह हुन् बस्नेत २०६४ :

पत्रकारिताको आयाम । गोरखापत्रलाई जनताको पक्षमा प्रयोग गर्ने विशिष्ट व्यक्तिका रूपमा सिंहको नाम अग्र स्थानमा आउँछ । सुरूमा साप्ताहिक पत्रिकाका रूपमा प्रकाशन भएको *गोरखापत्र* हप्तामा दुई दिन हुदै तीन दिन हुँदै एवं रीतले आजको दिनसम्म आउँदा दैनिक रूपमा प्रकाशित भई समाचार सम्प्रेषणको भरपर्दो माध्यमका रूपमा स्थापित भएको छ । *गोरखापत्र*लाई बिसौं शताब्दीको अखबारी परम्पराको जगको रूपमा पनि लिइन्छ । *गोरखापत्र*भन्दा अगाडि केही पत्रिका प्रकाशन भए पनि तिनीहरूको उद्देश्य समाचार प्रकाशन नगर्ने रहेको पाइन्छ । गोरखापत्रभन्दा पछाडी धेरै पत्रपत्रिकाको प्रकाशन भई समाचारको विकासमा तिनीहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

सुरुमा *गोरखापत्र*मा के छापिने के नछापिने भनी टुङ्गो लगइन्थ्यो । यसले स्वतन्त्र समाचार छाप्न पाउदैनथ्यो । सुरुसुरुमा गोरखापत्रमा समाचार प्रवाहको लागि लेखिएका एउटा सामग्री यस्तो छ - 'मोफसलमा रहेका हाकिम,चौधरी, जिम्दार, महन्त ठेकेदारहरूले सदरको हाल खबर बुझ्नका निमित्त धेरै रुँपैया खर्च गरी थोरै सामाजिक विषयवस्तुका हालखबर पउँदथे, अब उप्रान्त ४ रुपैंया(वार्षिक) मात्र खर्च गर्नाले मोफसलबाट देश देशवारको सारा खवर पाउँछन् बस्नेत २०६४ : ८३ ।'

समाचार सम्प्रेषणका लागि आजको दिनसम्म आउँदा राजधानी र मोफसलबाट धेरै पत्रपत्रिका प्रकाशनमा आएका छन् । विभिन्न आरोह-अवरोह पार गर्दै समचार लेखन आज आएर स्वतन्त्र र निष्पक्ष हुने प्रयासमा छ । राष्ट्रिय रूपमा कान्तिपुर, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, नागरिक, नयाँ पत्रिका, समाचारपत्रलगायतका प्रकाशनले पनि नेपाली समाचारको विकासमा इट्टा थप्ने काम गरेका छन् । यसबाहेक राजधानीबाहिर पनि पोखरा, बुटवल, विराटनगर, धरान, दाङ र नेपालगन्जबाट छापा तथा विद्युतीय माध्यमबाट दैनिक पत्रिकामा समाचार प्रवाह भइरहेका छन् ।

पत्रकारिताको मेरुदण्ड नै समाचार हो । समाचार समाजको ऐना तथा आम नागरिकको चासोको विषय पनि हो । पत्रिकामा दिइने समाचारले दिनहुं लाखौं पाठकसँग सम्बन्ध जोडेको हुन्छ । पत्रिकाले दिन खोजेको समाचार सही र स्पष्ट रूपमा पाउन त्यसमा रहेको भाषाले प्रभाव पार्ने हुनाले पत्रिकामा शुद्ध र त्रुटिरहित भाषाको प्रयोग गर्नु उपयुक्त मानिन्छ । समाचारको भाषा साधारण र औषत पाठकले एकै पटकमा बुझेर पढ्नसक्ने किसिमको सरल हुनुपर्दछ । समाचारले विभिन्न क्षेत्रका विकृति र विसङ्गतिलाई शुद्ध र

स्तरीय भाषामा बाहिर ल्याई दिन सके पाठकमाझ अझ लोकप्रिय भई प्रतिस्पर्धाको बजारमा उत्तरोत्तर प्रगतिका साथ अगाडि बढ्न सक्ने आशा गर्न सकिन्छ ।

प्युठान जिल्ला प्रशासन कार्यालय द.नं. ०४/६०/६१ मा दर्ता भई २०६१ असारबाट प्रकाशित *हाम्रो एकता* साप्ताहिक पत्रिका 'ग' वर्गमा वर्गीकृत भएको पत्रिका हो । यो पत्रिका प्युठान जिल्लाबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरूमध्ये लोकप्रिय एवं अग्रणी प्रत्रिका हो । यो शाही शासनकालमा बन्द भई २०६४ सालबाट निरन्तर रूपमा हालसम्म साप्ताहिक रूपमा प्रकाशित छ । मोफसल, त्यसमा पनि सहरीकरण नभएको जिल्ला प्युठानमा प्रकाशित यस पत्रिकाले हजारौँ सङ्ख्यामा आफ्ना पाठकहरू बनाउन सफल भएको छ । मोफसलमा रहेर पनि राष्ट्रिय घटना, समाचार, विचार, सम्पादकीय, साहित्य, व्यक्ति/व्यक्तित्व पचिय, खेलकूद आदि सामग्रीहरुको साथ व्यवसायिक रूपमा यो पत्रिका प्युठान जिल्लामा स्थापित छ ।

## २.४.९ समाचारका प्रकार

समाचार कति प्रकारका हुन्छन् भन्नेबारे एउटै खालको दृष्टिकोण र वर्गीकरण छैन । समाचारलाई धेरै दृष्टिकोणबाट विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । जस्तै :- समाचारको विषयअनुसार सुखद् समाचार र दुःखद् समाचार भनेर पनि यसलाई वर्गीकरण गर्न सकिन्छ । तर यो वर्गीकरण पर्याप्त छैन । किनकि एउटै समाचार पनि कसैका लागि सुखद् र कसैका लागि दुःखद् हुन सक्छ । उदाहरणका लागि निर्वाचन वा खेलकूद प्रतियोगिताको परिणामसम्बन्धी समाचार । यसमा जित्ने पक्षका समर्थकहरूका लागि त्यो समाचार सुखद् हुन्छ भने हार्ने पक्षका लागि त्यही समाचार दुःखद् हुन पुग्छ । समाचार सुखद् र दुःखद् मात्र नभई सन्देशमूलक र सूचनामूलक पनि हुन्छन् ।

समाचारलाई हार्ड न्यूज र सफ्ट न्यूज अर्थात् कडा समाचार र नरम समाचार भनेर पनि वर्गीकरण गरेको पनि पाइन्छ । कडा समाचार भन्नुको अर्थ गहकिलो समाचार हो । यस्तो समाचार निकै महत्त्वपूर्ण हुन्छ र सकेसम्म छिटोछिटो प्रचार-प्रसार गरिहाल्नुपर्छ, ढिला-सुस्ती गर्नु हुँदैन । यस्ता समाचार प्राय औपचारिक स्रोतबाट प्राप्त हुन्छन् । जस्तै राष्ट्रिय वा अन्तराष्ट्रिय महत्त्वका पदमा भएको नियुक्ति वा राजिनामा, ठूला दुर्घटना,

सन्धिसम्झौता, सरकार वा राष्ट्रिय महत्त्वका निकायहरूबाट भएका निर्णयहरू, औपचारिक घोषणा आदिका समाचार Hard News अन्तर्गत पर्दछन् ।

तत्काले हतारिएर प्रचार-प्रसार गर्नु नपर्ने, अनुकूल समयमा दिए हुने नरम विषयका समाचारलाई Soft News भनिन्छ । यस्ता समाचारको प्रस्तुति  पनि अनौपचारिक शैलीमा गरिन्छ भने यसमा अनौपचारिक वा असङ्गठित स्रोतहरू बढी प्रयोग हुन्छन् । जस्तै :- किसान वा उद्यमीका सफलता वा उनीहरूका समस्या, पीडितहरूको पीडा, कुनै ठाउँको वर्णन, साहित्य सङ्गीत, कलालगायत् साँस्कृतिक विषय, मनोरञ्जनका गतिविधि आदिका समाचार सफ्ट न्युजअन्तर्गत पर्दछन् ।

यसैगरी समाचारलाई सामान्य र असामान्य (Normal news) र (Abnormal news) भनेर पनि वर्गीकरण गर्न सकिन्छ । नियमित रूपमा भइरहने गतिविधिहरू जस्तै गोष्ठी, तालिम, शिलान्यास, उद्घाटन, विमोचन, विभिन्न प्रतियोगिताहरू आदिका समाचार समान्य समाचार हुन् भने कहिलेकाहीँ मात्र हुने असामान्य घटना जस्तै - सरकार विघठन, सार्वजनिक चासोका व्यक्तिको निधन, दुर्घटना, जघन्य अपराध, भूकम्प, सुनामी, ज्वालामुखी विष्फोट, युद्ध, युद्धविराम आदिका समाचार असामान्य हुन् । यसरी हेर्दा हार्ड र याब्नर्मल समाचार तथा सफ्ट नर्मल समाचारमा समानता पाइन्छ ।

श्रीरामसिंह बस्नेतको पत्रकारिताका आयाममा उल्लेख भएअनुसार समाचार उद्गमका आधारमा तीन प्रकारका हुन्छन् :-

## आकस्मिक समाचार

अचानक भएका घटना, जसबारे कुनै पूर्व जानकारी वा सङ्केत प्राप्त भएका छैनन्, त्यस्ता घटनाका समाचार आकस्मिक समाचार हुन् । जस्तै दुर्घटना, भूकम्प, आगलागी, जनचासोका व्यक्तिको अनायास मृत्यु, हत्या, आत्महत्या, चोरी, डकैती आदि अचानक हुने समाचारहरू हुन् । महत्त्वका हिसाबले आकस्मिक समाचार बढी जनचासोमा आधारित हुन्छन् हुन्छन् ।

### पूर्वनिर्धारित समाचार

अचानक नभई पहिलेदेखि नै समय निर्धारित भएको, अपेक्षा गरिएको वा सङ्केत प्राप्त भएको घटनाका समाचार पूर्व निधीरत समाचार हुन्  । जस्तै : गोष्ठी, बैठक, समारोह, निर्वाचन आदिका समाचार । यस्तो हुँदैछ भनेर पहिले नै समाचारदाताले जानकारी पाएर त्यसअनुरूप सम्बन्धित स्थानमा पुगी वा अन्य तरिकाले जानकारी लिई लेखिने समाचार पूर्वनिर्धारित समाचार हुन् ।

### अनुगमन समाचार

पहिला दिइसकेको समाचारको विषयवस्तु वा घटनामा पछि हुने परिवर्तन वा थप जानकारीबारे दिइने समाचारलाई अनुगमन समाचार भनिन्छ । कतिपय घटना वा विषयवस्तुको समाचार एकपटक मात्र दिएर पुग्दैन । त्यसमा नयाँ प्रसङ्ग थपिएपछि फेरी त्यो समेत समेटेर समाचार दिनुपर्छ । जस्तै सरकारले कुनै विषयको निर्णय गर्दा त्यो निर्णय गरिएको बारेमा समाचार दिइन्छ भने त्यसको केही समयपछि त्यो निर्णयको कार्यान्वयन कस्तो भइरहेको छ भन्ने समाचार दिइन्छ । यसरी पहिला चर्चामा आइसकेको विषयबारे पछि अनुगमन गरेर दिइने समाचार नै अनुगमन समाचार हो । केही महिना अघि भएको कुनै अपराध घटनाका अभियुक्तबारे अदालतले अहिले फैसला सुनायो भने त्यो फैसलाको समाचार  अनुगमन समाचार हो बस्नेत २०६४ : ११८ ।

## २.४.१० समाचार लेखनमा प्रयोग गरिने भाषा

समाचारको भाषाशैली सकेसम्म सरल, छोटोमीठो र सबैले सजिलैसँग बुझ्ने किसिमको हुनुपर्छ भनी माथिका विभिन्न शीर्षकहरूमा प्रसङ्गअनुसार  उल्लेख गरिसकिएको छ । ती प्रसङ्गहरुलाई निरन्तरता दिदै  समाचारको भाषाशैलीबारे  केही थप प्रसङ्ग यहाँ उल्लेख गरिएको छ । समाचार प्रस्तुत गर्दा समाचारको संरचनाअनुसारको भाषा प्रयोग गर्नुपर्दछ । जस्तै - आमुखको अन्त्य'.......को छ' पूर्ण वर्तमानबाट गर्नु वेश हुन्छ । उदाहरण :- चितवन, ७ भदौ । लगातार चोरी शिकारीबाट सङ्कटमा परेको दुर्लभ एक सिङ्गे गैडाको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्दै चितवनवासीद्वारा आज एक घोषणापत्र जारी गरिएको छ ।

यसैगरी समाचारको दोस्रो अनुच्छेद अर्थात् शरीर भागको अन्त्य '......... को हो' बाट गर्नु वेश हुन्छ । उदाहरण :

चितवन राष्ट्रिय निकुञ्चबाट प्राप्त जानकारी अनुसार राजनैतिक दल, वन उपभोक्ता समिति, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरु, स्थानीय बासिन्दा आदिको बृहद भेलाले उक्त घोषणापत्र जारी गरेको हो ।

समाचारको संरचनामा तेस्रो चौँथो अनुच्छेदमा दिइने पृष्ठभूभि जानकारी '.....को थियो' पूर्ण भूत बाट प्रस्तुत गर्नु राम्रो हुन्छ । उदाहरण :

राजनैतिक सङ्क्रमणकालमा सुरक्षा व्यवस्था केही शिथिल भएको मौकाको फाइदा उठाई करिब तीनसय गैँडा रहेको यस निकुञ्जमा गत साउन एक महिनाभित्र मात्र यहाँ चारवटा गैंडाको चोरी शिकारी भएको थियो ।

यसैगरी थप पुष्टिका लागि विभिन्न स्रोतबाट प्राप्त भनाइहरू प्रत्यक्ष उद्धरण '.....'मा दिनु उचित हुन्छ । उदाहरण :

'दह्रो रणनीति अपनाएर हामी आफै जागरुक भएनौ भने केही महिनाभित्रै यहाँका गैँडा सखाप हुने अवस्था देखिएकाले सबै पक्षको प्रतिबद्धताबाट यो घोषणापत्र ल्याइएको हो ।' यस्तो कुरा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष कृष्ण भूर्तेल भन्नुहुन्छ ।

समाचार तयार पार्दा भाषाका विभिन्न पक्षहरूमा ध्यान पनि पुराउपर्छ । जस्तै लक्ष्यित समूहको पहिचान गर्ने, सरलता हुनुपर्ने, सङ्क्षिप्तता हुनुपर्ने, विशेषणहरूको कम प्रयोग गर्ने, आदरार्थी शब्दको कम प्रयोग गर्ने, आवश्यक ठाउँमा वैकल्पिक शब्दहरुको प्रयोग गर्ने, अङ्क प्रयोगमा ख्याल गर्नुपर्ने र स्पष्टता हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ । समाचारलाई सटिक ढङ्गले प्रस्तुत गर्नु नै समाचारदाताको कुशलता हो बस्नेत २०६४ : ११९ ।

# परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१. अध्ययनको ढाँचा र विधि

### ३.१.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनको ढाँचालाई तीन भागमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) पूर्वभाग**

प्रस्तुत शोध अध्ययनको यस खण्डमा शीर्षक पृष्ठ, प्रतिज्ञा पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, सङ्क्षिप्त शब्द सूची र तालिका सूची रहका छन् ।

**ख) मूलभाग**

शोधकार्यको महत्त्वपूर्ण खण्ड नै मूल भाग हो । मूल भागमा नै शोधकार्यको सबै विस्तृतीकरण गरिएको हुन्छ ।

परिच्छेद- एक परिचय
परिच्छेद- दुई पूर्व साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका
परिच्छेद- तीन अध्ययन विधि र प्रक्रिया
परिच्छेद- चार तथ्याङ्कको विश्लेषण र व्याख्या
परिच्छेद- पाँच निष्कर्ष र सुझाव

**ग) उत्तरभाग**

अध्ययनको उत्तर भागमा अध्ययनलाई प्रमाणिक र वैज्ञानिक बनाउने क्रममा विशेष जोड दिइएको छ । यसमा परिशिष्ट र व्यक्तिगत विवरणलाई प्रस्तुत गरिएको छ ।

### ३.१..२ अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि विभिन्न विधिहरूमध्ये पुस्तकालयीय विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । जसमा क्षेत्रीय सामग्री सङ्कलन विधिको पनि प्रयोग गरिएको छ । यसका लागि प्युठान जिल्लाबाट प्रकाशित हुने हाम्रो एकता साप्ताहिक पत्रिकाको खोज गरी अध्ययन गरिएको छ । यसमा सैद्धान्तिक आधारको लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । सङ्कलन गरिएका प्राथमिक स्रोतका सामग्री विश्लेषण गर्नका लागि वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनौट

कुनैपनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी ढङ्गले अध्ययन गरी निष्कर्षमा पुऱ्याउनका लागि खास किसिमका तौरतरिकाको अवलम्बन गर्नुपर्ने हुन्छ । यस अध्ययनमा सम्पूर्ण **हाम्रो एकता** पत्रिकालाई जनसङ्ख्याको अध्ययन क्षेत्र मानी २०७३ साल वैशाख १९ गतेदेखि साउन १६ गतेसम्म प्रकाशित ९ ओटा पत्रिकाको पहिलो पृष्ठलाई नमुनाका रूपमा सङ्कलन गरी अध्ययन गरिएको छ । शोध अध्ययनको क्रममा प्राथमिक स्रोतका सामग्रीलई मूल आधार बनाइएको छ । नमुनाका रूपमा **हाम्रो एकता** पत्रिकाको पृष्ठ १ का समाचारमा केन्द्रित रहेर अध्ययनको विषय वनाइएको छ ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत **हाम्रो एकता** साप्ताहिक पत्रिकाका अङ्कहरू र सम्पादकसँग लिइएको अन्तर्वार्ता रहेका छन् भने द्वितीय स्रोतका रुपमा पत्रकारितासँग सम्बन्धित पुस्तकहरू, वर्णविन्यासँग सम्बन्धित पुस्तकहरु, शोधपत्रहरू, शब्दकोशहरू, लेखरचना र निर्देशकज्यूको सल्लाह र सुझावलाई लिइएको छ । साथै पुस्तकालयीय विधिको पनि उपयोग गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययनको क्षेत्र प्युठान जिल्लाबाट प्रकाशित हुने **हाम्रो एकता** साप्ताहिक पत्रिकाको पहिलो पृष्ठका समाचारमा रहेको भाषा रहेको छ । प्रस्तुत अध्ययनमा भाषाको काल, पक्ष, वाक्य संरचना एवम् शैलीको विश्लेषण र समाचारमा प्रयोग भएका शब्दहरूको

वाक्यात्मक संरचना र भाषिक कोड मिश्रणको अध्ययनलाई मुख्य क्षेत्रका रूपमा अगाडि सारिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलन प्राथमिक र द्वितीय स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत **हाम्रो एकता** साप्ताहिक पत्रिकाका अङ्कहरू र सम्पादकसँग लिइएको अन्तर्वार्ता रहेका छन् भने द्वितीयक स्रोतका रूपमा पत्रकारितासँग सम्बन्धित पुस्तकहरू, वर्णविन्याससँग सम्बन्धित पुस्तकहरु, शोधपत्रहरू, शब्दकोशहरू, लेखरचना, मोबाइलमा खिचेका फोटा र निर्देशकज्यूको सल्लाह र सुझावलाई लिइएको छ ।

प्रस्तुत अध्ययनमा सङ्कलित सामग्री विश्लेषणका क्रममा पुस्तकालयीय पद्धति, विश्लेषणात्मक पद्धति, वर्णनात्मक पद्धति, सैद्धान्तिक विधि, विवरणात्मक विधि, तुलनात्मक विधि र क्रियात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ । यस क्रममा सामग्री सङ्कलनका लागि क्षेत्रीय सामग्री सङ्कलन विधिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीय दुवै सामग्रीलाई सङ्कलन गरिएको छ । समाचारलाई सङ्कलनका लागि पहिला ती समाचारहरू प्रकाशन गर्ने **हाम्रो एकता** साप्ताहिकका विभिन्न अङ्कलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । समाचारको विश्लेषणका क्रममा अपनाइएका आम सञ्चार जगत्का अनुसन्धानात्मक लेखहरू, कृतिहरू र पुस्तकलाई द्वितीय सामग्रीको रूपमा सङ्कलन गरिएको छ । यस अध्ययनमा समेटिएका प्रमुख पत्रिकाहरूमा **हाम्रो एकता** साप्ताहिकबाट २०७३ वैशाख १९ गतेदेखि साउन १६ गतेसम्मका पत्रिका सङ्कलन गरेर विश्लेषणका आधारहरू निर्माण गरी विश्लेषण गरिएको छ । अध्ययनका क्रममा पत्रिकाको पहिलो पृष्ठका समाचारहरूलाई मात्र आधार बनाइएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रमुख पत्रिका 'हाम्रो एकता' साप्ताहिक) सङ्कलन गरिएको छ । पहिलो पृष्ठमा रहेका समाचारलाई नोटबुकमा टिपोट गरी  मोवाइलमा खिचिएको थियो । नोट बुकमा टिपोट तथा मोवाइलमा खिचेपछि तिनीहरूलाई विभिन्न आधारमा विश्लेषण गर्न सहयोग पुऱ्याउने सहायक सामग्रीलाई सङ्कलन गरियो ।

# परिच्छेद : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१. तथ्याङ्कको विश्लेषण र नतिजाको व्याख्या

पत्रपत्रिकामा नमुनाका रूपमा आएका समाचारको स्वरूपका बारेमा यस अध्यायमा व्याख्या र विश्लेषण गरिएको छ । यसमा आकार, प्रकार, शैली र विषयलाई प्रमुख रूपमा लिइएको छ । विभिन्न उपशीर्षकमा उद्देश्यअनुसार समाचारको व्याख्या गरिएको छ ।

### ४.१.१ समाचारको स्वरूप

**हाम्रो एकता** साप्ताहिक पत्रिकामा प्रकाशित समाचारको स्वरूप यस्तो रहेको छ -

'टिकुरीको झिमरुक फाँटमा निर्माणधीन प्युठान बसपार्क निर्माण कछुवाको गतिमा अघि बढेको छ । ४ वर्ष अघि स्थानीयहरूले बसपार्कको लागि करिब २० रोपनी जग्गा निशुल्क रूपमा दिएपछि बसपार्क निर्माणको थालनी भएको प्युठान बसपार्क निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष शालिकराम पण्डितले हाम्रो एकतालाई बताए ।'

#### ४.१.१.१ आकस्मिक समाचार

नमुना छनोटमा परेका विभिन्न अङ्कहरुमध्ये यसमा ११ वटा आकस्मिक समाचार छन् जस्तै -

> "बाढी पहिरोले प्युठानका सयौं परिवार घरवार विहिन" भन्ने समाचार आकस्मिक समाचारका रूपमा हाम्रो एकतामा छापिएको छ । जस्तै- "मङ्गलबार रातिदेखि परेको अविरल चलेको वर्षाले प्युठानमा ठूलो जनधनको क्षति पुऱ्याएको छ" भनी अमुख छापिएको छ । पहिरोले गरेको धनजनको क्षतिको विस्तार पनि गरिएको छ । जस्तै- प्यूठानको फोप्लीमा अविरल वर्षाका कारण पहिरोले गर्दा मङ्गलवारसम्ममा २५ जनाको मृत्यु भएको कुरा उल्लेख गरेकाले 5WH को सिद्धान्त लागू भएको छ । स्रोतका रूपमा जिल्ला प्रहरी कार्यालय प्युठानलाई लिएको छ । जसले गर्दा समाचार पूर्ण वनेको छ ।

**तालिका नं. १**

**आकस्मिक समाचार**

| क.सं. | पत्रिकाको नाम | समाचार सङ्ख्या |
|---|---|---|
| १ | हाम्रो एकता | ११ |
| जम्मा | | ११ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

## ४.१.१.२ पूर्वनिर्धारित समाचार

नमुना छनोटमा परेका विभिन्न अङ्कहरुमध्ये यसमा १४ वटा पूर्वनिर्धारित समाचार छन् जस्तै -

“भव्य समारोह बीच प्यूठानी तारा घोषणा” भन्ने समाचार यस पत्रिकामा प्रकाशित पूर्व निर्धारित एउटा समाचार हो । नव प्रतिभाको खोजी गर्ने उद्देश्यले सञ्चालन गरेको ‘प्युठानी तारा सिजन ३’ का तारा घोषणा गरिएको हो । फस्ट रनर अफ, सेकेन्ड रनर अफ र फाइनल रनर अफ गरी सहित्य, नृत्य र गायन विधामा एक एक जनालाई ताराको रूपमा सामान्य प्रशासन मन्त्रीको प्रमुख आतिथ्यतामा घोषणा गरिएको हो । यो समाचारमा संरचनागत हिसाबले केही ठाउँमा विचलन आएको छ ।

**तालिका नं. २**

**पूर्व निर्धारित समाचार**

| क.सं. | पत्रिकाको नाम | समाचार सङ्ख्या |
|---|---|---|
| १ | हाम्रो एकता | १४ |
| जम्मा | | १४ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

## ४.१.१.३ अनुगमन समाचार

नमुना छनोटमा परेका विभिन्न अङ्कहरुमध्ये यसमा ११ वटा अनुगमन समाचार छन् जस्तै -

"प्यूठानमा पेट्रोलियम पदार्थ पसलमा छ्याप्छ्याप्ती पम्पमा छैन" भन्ने शीर्षकमा लेखिएको एउटा अनुगमन समाचार हो । पम्पमा पेट्रोल नभेटिएपछि अनुगमनपश्चात् पसलहरूमा भेटिएको समाचारका रूपमा यसलाई प्रकाशित गरिएको छ । "पेट्रोलियम पदार्थ वितरणमा उचित व्यवस्थापन हुन नसक्दा प्यूठानमा मोटरसाइकल तथा टेम्पो चालकहरूले सास्ती खेप्नु परेको छ भनी आमुख छापिएको छ । "पानीको बोतलमा पेट्रोल, कालोबजारी मौलाउँदै, अनुगमन शून्य" भनी उपशीर्षकमा पनि समाचार छापिएको छ । यो समाचारमा अनुगमन गर्ने निकायले भन्दा पहिले नै अनुगमन गरी समाचार लेखिएको छ । हाम्रो एकता पत्रिकामा अनुगमन समाचारलाई पनि महत्त्व दिएको छ ।

**तालिका नं. ३**

**अनुगमन समाचार**

| क.सं. | पत्रिकाको नाम | समाचार सङ्ख्या |
|---|---|---|
| १ | हाम्रो एकता | ११ |
| जम्मा | | ११ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

## ४.१.१.४ फिचर समाचार

नमुना छनोटमा परेका विभिन्न अङ्कहरुमध्ये यसमा ९ वटा फिचर समाचार छन् जस्तै -

"बिदेश बस्ने छोराहरुलाई पाठ सिकाउदै बृद्ध कृषक जि.सी." भन्ने शीर्षकमा शशिधर भण्डारीले लेखेको फिचर समाचार **हाम्रो एकता**मा रहेका फिचर समाचारमध्ये एउटा फिचर समाचार हो । फिचर प्राय पत्रिकाको पहिलो पेजको पिँधतिर लेखिने गरिन्छ । यसमा पनि सोही नियमलाई लागू गरिएको छ । त्यसो त बेर्ना उत्पादनको व्यवसायमा............बाट सुरु गरी फिचरलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**फिचर समाचार**

| क.सं. | पत्रिकाको नाम | समाचार सङ्ख्या |
|---|---|---|
| १ | हाम्रो एकता | ९ |
| जम्मा | | ९ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

यसरी समाचारको स्वरूपलाई हेर्दा यस पत्रिकामा रहेका समाचारहरूको स्वरूप नियम सङ्गत नै रहेको देखिए तापनि कहिँ कतै विचलन भएको पनि पाइन्छ ।

## ४.१.२ समाचारको विषय क्षेत्र र सूचना

समाचारपत्रमा समाचारको विषय क्षेत्र र सूचना समाचारको आकार प्रकारका आधारमा फरकफरक हुने गर्दछ । यस पत्रिकाको पहिलो पृष्ठमा प्रकाशित भएका समाचारहरूमा कुनैले आकस्मिक समाचार कुनैले पूर्वनिर्धारित कुनैले अनुगमन तथा कुनैले फिचर समाचारका रूपमा सूचना आदानप्रदान गर्ने गर्दछन् ।

पत्रिकाको अध्ययनका क्रममा ५० ओटा समाचारहरूलाई नमुनाको रूपमा छनौट गरिएको छ । यी समाचारले छनौट गरेका विषय क्षेत्रलाई परिशिष्ट खण्डअन्तर्गत तालिकामा प्रस्तुत गरिएको छ -

## ४.२.१ 'हाम्रो एकता' साप्ताहिक पत्रिकामा वाक्यकोटिको प्रयोग

नेपाली भषाको व्याकरणमा विभिन्न वाक्यकोटिहरु रहेका छन् जसमा काल, पक्ष, भाव, वाच्य र ध्रुवीयतालाई वाक्य कोटिका रूपमा लिइएको छ । (अधिकारी, सरल नेपाली व्याकरण र अभ्यास : २०६१) यस पत्रिकामा प्रकाशित भएका समाचारमा रहेको भाषाको अध्ययनका क्रममा शोधको उद्देश्य अनुसार समाचारमा प्रयोग भएका वाक्यकोटिको अध्ययन यस प्रकार  गरिएको छ -

## ४.२.२ समाचारमा कालको प्रयोग

पत्रिकामा रहेका र नमुना छनोटम परेका समाचारहरुलाई निम्नानुसार कालको प्रयोग गरेको पाइन्छ । समाचारको विस्तृतिकरण भित्र प्रयोग भएको काललाई नमुनाको रुपमा तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

**कालको प्रयोग**

| काल | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| भूत | १० | ४ |
| अभूत | २५ | ६ |
| जम्मा | ३५ | १० |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

### भूतकालको प्रयोग

यस तालिका अनुसार समाचारका १४ ओटा शीर्षकका समाचारभित्र भूतकालको प्रयोग गरिएको छ । भूतकालको यो प्रयोगलाई हेर्दा समाचारमा यस कालको प्रयोग एकदम न्युन प्रयोग भएको बुझिन्छ । वर्ष १२ अङ्क ३७ मा **'लोसिनाको मञ्चमै रुवावासी'** भन्ने शीर्षकको समाचारमा रहेको **'लोसिनालाई मूल्यांकनकर्ता पूर्णिमाले सम्हाल्न लामो प्रयास गर्नुपऱ्यो ।'** त्यस्तै हाम्रो एकताको वर्ष १३ अंक २ मा रहेको **'पहिरोले नेता केसी रहेनन्'** भन्ने शीर्षकको समाचारमा रहेको **'लामो समयको खोजी पश्चात उनको शव भेटिएको थियो ।'** जस्ता वाक्यहरु यसका उदाहरण हुन् । भूतकालको प्रयोगलाई हेर्दा प्रायः समाचारको अन्त्यतिर एक दुई वाक्य मात्र प्रयोग गरिएको पाइन्छ ।

### अभूतकालको प्रयोग

यस तालिकाअनुसार ३१ ओटा शीर्षकका समाचारभित्र अभूतकालको प्रयोग गरिएको छ । अभूतकालको यो प्रयोग अत्यधिक भएको पाइन्छ । वर्ष १२ अङ्क ४२ मा **'अर्थमन्त्रीद्वारा १० खर्वाको बजेट प्रस्तुत'** भन्ने शीर्षकको समाचारमा रहेको **'१३ लाख**

**बराबरको बजेट प्रस्तुत गर्नुभएको छ ।'** त्यस्तै एकताको वर्ष १२ अङ्क ४४ मा रहेको **'पढाइ सुरु गर्न निर्देशन'** भन्ने शीर्षकको समाचारमा रहेको **'अन्तिम हप्तामा सञ्चालन हुने'** छ भने १२ को दोस्रो सातामै हुने छ ।' जस्ता वाक्यहरु यसका उदाहरण हुन् ।

## ४.२.३ हाम्रो एकता **साप्ताहिकमा पक्षको प्रयोग**

नमुनाको रूपमा छानिएका 'हाम्रो एकता' पत्रिकाको समाचारमा निम्न लिखित पक्षको प्रयोग भएको छ -

**तालिका नं. ६**

**पक्षको प्रयोग**

| पक्ष | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| सामान्य पक्ष | ७ | २ |
| पूर्ण पक्ष | २० | १५ |
| अपूर्ण पक्ष | १ | - |
| अभ्यस्त पक्ष | - | - |
| अज्ञात पक्ष | - | - |
| जम्मा | २८ | १७ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

माथि दिएको तालिकाअनुसार सबैभन्दा बढी समाचारमा पूर्ण पक्षको प्रयोग भएको छ भने त्यसपछि सामान्य पक्षको प्रयोग भएको छ । अपूर्ण पक्षको एक मात्र वाक्य प्रयोग भएको छ । अभ्यस्त र अज्ञात पक्षको निर्धारित अङ्कमा प्रयोग भएको पाइदैन ।

### क) सामान्य पक्षको प्रयोग

सहभागीहरूको भनाइ छ ।

यहाँ ल्याएर फसाइयो ।

रुवावासी मच्चाइन् ।

प्रयास गर्नुपर्‍यो । ('हाम्रो एकता' वर्ष १२ अङ्क ३७ वैशाख)

यी वाक्यहरू जुन कालमा भए पनि सामान्य पक्षलाई जनाएका छन् । सामान्य पक्षका वाक्यहरू दोस्रो स्थानमा रहेको देखिन्छ ।

## ख) पूर्ण पक्षको प्रयोग

गुनासो पोखेका छन् ।

शव भेटिएको थियो ।

निधन भएको छ ।

बासै उठाएको छ ।

फेला परेको थियो । ('हाम्रो एकता' वर्ष १३ अङ्क २ साउन)

माथिका यी वाक्यहरूले पूर्ण पक्षलाई जनाउँदछन् । समाचारमा अत्यधिक मात्रामा पूर्ण पक्षको प्रयोग भएको पाइन्छ ।

माथिको ७ नं. तालिकामा पूर्ण पक्षको प्रयोग सामान्य पक्षको भन्दा अत्यधिक रूपमा भएको देखिन्छ । पत्रिकाको समाचारको अध्ययनका क्रममा नगन्य मात्रामा अपूर्ण पक्षको प्रयोग भएको छ भने अभ्यस्त र अज्ञात पक्षको प्रयोग भएको पाइँदैन ।

## ग) ध्रुवीयताको प्रयोग

क्रियापदबाट निषेधात्मक कार्य जनाउने व्याकरणात्मक युक्तिलाई अकरण र निषेध नबुझाउनेलाई करण भनिन्छ । (अधिकारी २०६३ : २३०)

यस पत्रिकामा छानिएका समाचारमा प्रयोग भएका करण र अकरणलाई निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ७**

**ध्रुवीयताको प्रयोग**

| ध्रुवीयता | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| करण | २५ | ११ |
| अकरण | ८ | १ |
| जम्मा | ३३ | १२ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

यस तालिकाअनुसार पत्रिकामा प्रकाशित समाचारमा करण वाक्यको प्रयोग अत्यधिक रूपमा प्रयोग भएको छ भने अकरण वाक्यको प्रयोग कम भएको देखिन्छ । जस्तै : करण वाक्य - डटेर तयारीमा लागेको छ । त्यस्तै अकरण वाक्य - सुधार हुन सकेको छैन आदि ।

## ४.२.४ भाव वा अर्थको प्रयोग

क्रियाद्वारा अभिव्यक्त हुने वक्ताको मनासाय वा अभिवृद्धिलाई भाव/अर्थ भनिन्छ । (भट्टराई २०५९ : ९५)

भावको प्रयोगलाई निम्नानुसार तालिकामा देखाइएको छ :-

**तालिका नं. ८**

**भाव वा अर्थको प्रयोग**

| भाव | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| सामान्यार्थ | २५ | १५ |
| इच्छार्थ | ३ | - |
| आज्ञार्थ | - | - |
| संकेतार्थ | १ | - |
| सम्भावनार्थ | - | १ |
| जम्मा | २९ | |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

**क) सामान्यार्थ :** यस तालिका अनुसार तथा पत्रिकामा प्रकाशित भएका समाचारमा प्रयोग भएको भाव वा अर्थका आधारमा हेर्ने हो भने सामान्यार्थ वाक्यको प्रयोग अत्यधिक मात्रमा भएको पाइन्छ । सामान्यार्थ वाक्यहरूबाट नै समाचार निर्माण गरिएको देखिन्छ । जस्तै : हरिबहादुर के.सी.को दुखद निधन भएको छ । ('हाम्रो एकता' वर्ष १३ अङ्क २)

**क) इच्छार्थ :** माथिको तालिकामा देखाएअनुसार तथा पत्रिकामा प्रकाशित भएका समाचारमा प्रयोग भएको भाव वा अर्थका आधारमा हेर्दा सामान्यार्थ पछि इच्छार्थ वाक्य प्रयोग भएको देखिन्छ तापनि यसको सङ्ख्या ३ वटा मात्रै रहेको छ । जस्तै : **बालबालिकामा लगानी गरौं । बालबालिकाको भविष्य सुनिश्चत गरौं** 'हाम्रो एकता' वर्ष १२ अङ्क ४२ ।

**क) सङ्केतार्थ :** यस पत्रिकामा भएका समाचारमध्ये सङ्केतार्थ वाक्यको प्रयोग एउटा मात्रै भएको फेलापरेको छ । यो सङ्ख्या सामान्यार्थ र इच्छार्थभन्दा एकदमै कम मात्रामा हो । जस्तै : आकाशमा बादल लाग्ने वित्तिकै चुरेवासीहरू त्रसित बन्छन् 'हाम्रो एकता' वर्ष १२ अङ्क ४४ ।

**क) सम्भावनार्थ :** माथिको तालिकाअनुसार सम्भावनार्थ वाक्यको प्रयोग एउटा मात्रै भएको छ । जस्तै : अब भोक भोकै मर्नु पर्ने त होला नि ! आदि ।

यस पत्रिकामा प्रकाशित भएका समाचारहरूमा आज्ञार्थ भाव प्रयोग भएका वाक्य भने पाइदैन । यसरी हेर्दा समाचारमा अधिकांश वाक्यहरूमा सामान्यार्थ भाव वा अर्थका वाक्यहरू प्रयोग भएको देखिन्छ ।

## ४.२.५ समाचारमा वाक्यको संरचना

पूरा भाव प्रकट गर्ने वा कुरा बुझाउने भाषिक एकाइ वा शब्द समूहलाई वाक्य भनिन्छ । वाक्य पदावली वा उपवाक्य भन्दा ठूलो र अनुच्छेद भन्दा सानो एकाइ हो । केही वाक्यको संरचना वा बनोट सरल र केही जटिल छन् । नेपाली भाषामा सरल र जटिल गरी दुई प्रकारका वाक्य हुन्छन् । हाम्रो एकता पत्रिकाको समाचारमा प्रयोग भएका वाक्य संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ९**

**समाचारमा वाक्यको संरचना**

| वाक्यका प्रकार | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| सरल | २३ | ११ |
| जटिल | ९ | २ |
| जम्मा | ३२ | १३ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

**क) सरल वाक्य :** साधारण बनोट वा संरचना भएको अर्थात् कुनै पनि संयोजक प्रयोग नभएको वाक्यलाई सरल वाक्य भनिन्छ । माथिको तालिकाअनुसार सरल वाक्यको प्रयोग अधिक मात्रमा भएको देखन्छ । नमुनाका रूपमा छानिएका समाचारमध्ये ३४ ओटा

समाचारमा सरल वाक्यको प्रयोग भएको पाइन्छ । समाचारमा प्रायजसो सरल वाक्य प्रयोग भएको छ । जस्तै : मोती उच्च मावि बरौँलाले स्वर्णमहोत्सव मनाएको छ एकता वर्ष १२ अङ्क ४२ ।

**क) जटिल वाक्य :** साधारण बनावट वा संरचना नभएको वाक्यलाई जटिल वाक्य भनिन्छ । जटिल वाक्यभित्र संयुक्त र मिश्र वाक्यहरू पर्दछन् । पत्रिकामा प्रकाशित समाचारमा जटिल वाक्यको प्रयोग कम भएको छ । तालिकाअनुसार सरल वाक्यभन्दा जटिल वाक्य कम प्रयोग भएको देखिन्छ । नमुनाका रूपमा छानिएका समाचारमध्ये ११ ओटा समाचारमा जटिल वाक्य प्रयोग भएको छ । जटिल वाक्यका केही उदाहरण यहाँ उल्लेख गरिन्छ :

....राष्ट्रिय सभाको निर्वाचन अवश्यक रहेको र स्थानीय निकायको निर्वाचनको लागि स्थानीय स्वायत्त शासन पुनःगठन गर्नका लागि गठित आयोगको म्याद फागुनसम्म रहेको सरकारको भनाइ रहेको छ  एकता वर्ष १२ अङ्क ४३ ।

जबसम्म प्रहरी प्रशासन निष्पक्ष र कडाइका साथ लाग्दैन तबसम्म अपराधी क्रियाकलाप न्युनीकरण हुँदैन एकता वर्ष १२ अङ्क ४१ ।

## ४.३ समाचारको भाषाशैली

शैली भनेको एउटा तरिका हो । शैली पनि विभिन्न तरिकाका हुन्छन् । जस्तै बोल्ने तरिका, बस्ने तरिका र हिड्ने तरिका भनेर बुझिन्छ । शैली समाचार प्रस्तुत गर्ने एउटा तरिका हो अधिकारी २०६५ : २६१ ।

समाचारको भाषाशैली सकेसम्म सरल, छोटोमीठो र सबैले सजिलैसँग बुझ्ने किसिमको हुनुपर्छ । समाचार प्रस्तुत गर्दा समाचारको संरचनाअनुसारको भाषा प्रयोग गर्नुपर्दछ । जस्तै - आमुखको अन्त्य'.......को छ' पूर्ण वर्तमानबाट गर्नु वेश हुन्छ । हाम्रो एकतामा प्रयोग भएको आमुख यसप्रकार छ । प्यूठान, ....सदस्य हरिबहादुर केसीको दुखद निधन भएको छ ।

यसैगरी समाचारको दोस्रो अनुच्छेद अर्थात् शरीर भागको अन्त्य '......... को हो' बाट गर्नु वेश हुन्छ । एकतामा भएको उदाहरण :

फोप्ली-६ 'माक्रे निवासी नेता केसी श्रीमती सहित घरमा रहेको वेला विहान ४ बजेतिर घरमाथिबाट आएको पहिरोमा परी दुखद निधन भएको हो ।'

समाचारको संरचनामा तेस्रो चौँथो अनुच्छेदमा  दिइने पृष्ठभूमि जानकारी '.....को थियो' पूर्ण भूत कालबाट प्रस्तुत गर्नु राम्रो हुन्छ। एकतामा भएको उदाहरण :

'लामो समयको खोजीपश्चात् उनको शव भेटिएको थियो ।' (एकता वर्ष १३ अङक २)

यसैगरी थप पुष्ट्रिकरणका लागि विभिन्न स्रोतबाट प्राप्त भनाइहरू प्रत्यक्ष उद्धरण '.....'मा दिनु उचित हुन्छ। उदाहरण :

' हाम्रो एकताको यो समाचारमा उद्धरण प्रयोग गरिएको छैन तर अन्य समाचारमा उद्धरण पनि प्रयोग भएको भेटिन्छ। जस्तै : उनले भने, 'अब भोक भोकै मर्नु पर्ने त होला नि !'

यसरी हेर्दा नमुनाका रूपमा छनौट गरिएका समाचारहरूमा भाषा सरल र सरस भएपनि केही स्थानमा वर्ण विन्यासगत विचलन तथा त्रुटिहरू पनि भेटिन्छन्। जस्तै : माथि उल्लेखित समाचारभित्रै 'घरमा रहेको' लेख्नुपर्नेमा 'घरको रहेको' लेखिएको छ। सयौँ लेख्नु पर्नेमा सयौ लेखिएको छ । वर्णविन्यासगत त्रुटि त धेरै संख्यामा समाचारमा भेटिन्छ । वर्णविन्यासगत त्रुटिको विस्तृत अध्ययन यसमा नगर्ने उद्देश्य भएकाले धेरै यसको खोततलास र विश्लेषण गर्नु अवश्यक छैन। समग्रमा वाक्यकोटिको आधारलाई हेर्ने हो भने भाषाशैलीलाई ठिकै प्रयोग मान्नु नै उपयुक्त होला। हाम्रो एकतामा प्रकाशित भएको एउटा समाचारलाई यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ। जस्तै : 'पत्रकार याम थापा रहेनन्'

प्यूठान। नेपाल पत्रकार महासंघ पूठानका साधारण सदस्य तथा प्रगतिशील पत्रकार संघ प्यूठानका सचिवालय सदस्य याम बहादुर थापाको २७ वर्षको अल्पायुमै निधन भएको छ।

पत्रकार याम बहादुर थापा भारतको हैदरावादमा उपचारका क्रममा निधन भएको उहाँको परिवारले जनाएको छ। उहाँ डेङगो भएका कारण अस्पताल भर्ना हुनुभएको थियो तर उपचारको क्रममा १५ गते निधन भएको पारिवारिक श्रोतले जानकारी दिएको छ। प्यूठानमा रहेर केही समय अगाडी रेडियो प्यूठानमा थापाले प्राविधिक शाखा तथा कार्यक्रम

प्रस्तोताको रुपमा काम गर्नु भएको थियो । हाम्रो एकता साप्ताहिक स्वर्गीय थापाप्रति भावपूर्ण श्राद्धाञ्जली अर्पण गर्दछ एकता वर्ष १२ अङ्क ३९।

## ४.४ समाचारमा कोडमिश्रण

पत्रपत्रिकामा एउटा एउटा भाषिक शब्दमा अर्को भाषाका शब्दको मिश्रण गर्ने शैलीलाई कोड मिश्रण भन्ने गरिन्छ । नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिमा प्रकाशित समाचारहरूमा नेपाली भाषाको बढी मात्रामा कोड भिश्रण भएको पाइन्छ । समाचारमा नेपाली इतर शब्दको प्रयोग देवनागरी लिपिमा हुने गरेको पाइन्छ । धेरैजसो अंग्रेजी रोमन लिपि र नेपाली देवनागरी लिपिको मिश्रण भएको पाइन्छ । समचारलाई बुझ्न सजिलोका लागि कोड मिश्रणको प्रयोग गरेको देखिन्छ ।

यस पत्रिकाको अध्ययनको क्रममा ल्याइएका समाचारहरूमा भाषिक कोड मिश्रणलाई यहाँ देखाइएको छ ।

**तालिका नं. १०**

**समाचारमा कोड मिश्रण**

| समाचार | एकता वर्ष १२ | एकता वर्ष १३ |
|---|---|---|
| कोड मिश्रण भएका | ८ | ५ |
| कोड मिश्रण नभएका | २४ | ८ |
| जम्मा | ३२ | १३ |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

माथि प्रयोग गरिएको तलिकाअनुसार १३ ओटा  कोड मिश्रण भएका समाचार पाइएको छ भने ३२ ओटा समाचारमा भने कोड मिश्रणको प्रयोग गरिएको छैन । यहाँ कोड मिश्रण भएका र नभएका समाचारमा रहेको वाक्यहरूलाई यस प्रकार देखाइएको छ :

### कोड मिश्रण प्रयोग भएका वाक्यहरु :

कोरियामा जानका लागि लिइने **इपिएस कोरियन** भाषा परीक्षाको पहिलो दिन शनिवार ३१ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन् ।

परिषद्को लागि **रजिष्ट्रेसन** फारम भर्नु पर्नेछ ।

A+ **ग्रेड** ल्याउने विद्यालयहरूमा पब्लिक अवासीय मा.वि.

जिल्लामा नियमिततर्फका १ सय जना विद्यार्थी A ग्रेड र १ सय ९६ जना विद्यार्थीहरुले B+ ग्रेड ल्याएका छन् । यस भन्दा तल B, C+, C, D+, D ल्याउनेहरुमा नियमित तथा एक्जाम्टेड दुवै तर्फका विद्यार्थीहरु रहेका छन् । (एकता वर्ष १२ अङ्क ४४)

पानीको वोतलमा पेट्रोल, चर्को मूल्य तिरेर बाइकमा पेट्रोल हाल्न वाध्य बनेका छन् । (एकता वर्ष १२ अंक ४१)

ब्लड बैंकको रूपमा सञ्चालन गरिएको छ ।

एस.एम.एस. सिस्टम र निर्णायक मण्डल दुबैबाट फस्ट र सेकेण्ड रनर अफ छानिएका थिए । (एकता वर्ष १२ अङ्क ३७)

मर्ज, कम्युनिष्ट, वाइ.सि.एल., एस.एल.सी., डि.एस.पी. आदि शब्दहरु पनि प्रयोग भएको देखिन्छ ।

## कोड मिश्रण प्रयोग नभएका वाक्यहरू :

नमुनाका रूपमा छानिएका समाचारहरूमा अधिकांश वाक्यहरुमा कोड मिश्रण नगरी लेखिएको छ । कोड मिश्रण प्रयोग नगरिएका वाक्यहरूका केही उदाहरण यस प्रकार दिएको छ -

जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित सो विद्यालयले ५० वर्ष पार गरेको अवसरमा विविध कार्यक्रम गरी महोत्सव मनाएको थियो ।

सो समारोहमा सहभागी वक्ताहरुले पुरानो पुस्ताबाट नयाँ पुस्तामा सिप हस्तान्तरणको खाँचो औँल्याइएको थियो एकता वर्ष १२ अङ्क ४३ ।

शैक्षिक सत्र सुरु भएको दुई साता वितिसक्दा पनि पाठ्य पुस्तक पर्याप्त रुपमा उपलब्ध नसक्दा जिल्लाभरका शिक्षण संस्थामा विद्यार्थीको पठनपाठन प्रभावित भएको छ एकता वर्ष १२ अंक ३९।

लामो समयदेखि निमार्णधीन लुंग्रीमाडी सिचाई आयोजना यस वर्ष पनि पुरा नहुने भएको छ एकता वर्ष १२ अङ्क ३७ ।

यसरी पत्रिकामा प्रकाशित समाचारको भाषालाई हेर्दा कोड मिश्रण भएको कम देखिए तापनि बिचबिचमा अन्य भाषाका शब्दलाई देवनागरी लिपिमा घुसाइएको देखियो । अधिकांश समाचारभित्र कोड मिश्रण नभएको देखिन्छ ।

## ४.५ निष्कर्ष

यस पत्रिकाको अध्ययनको क्रममा आकार, प्रकार, शैली र विषय वस्तुलाई प्रमुख रूपमा लिएको छ । समाचारका प्रकारलाई हेर्दाखेरी आकस्मिक समाचार, पूर्व निर्धारित समाचार, अनुगमन समाचार र फिचर आदिका आधारमा विभाजन गरिएको छ । विषय क्षेत्रलाई हेर्दा विविध विषय जस्तै : राजनैतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, भौगोलिक आदिका आधारमा सूचना प्रदान गर्न खोजिएको छ ।

पत्रपत्रिकामा प्रकाशित समाचारहरूमा नेपाली भाषाका विभिन्न वाक्यकोटिहरू हुने गर्दछन् । ती हुन् काल, भाव, ध्रुवीयता आदि हुन् । काललाई भूत र अभूत गरी विभाजन गरिएको छ । कालका पक्षमा सामान्य पक्ष, अपूर्ण पक्ष, पूर्ण पक्ष, अभ्यस्त पक्ष र अज्ञात पक्ष गरी पाँचवटा रहेका छन् । त्यसैगरी  ध्रुवीयतालाई हेर्दा करण र अकरण गरी दुई प्रकारमा विभाजन गरिएको छ । भावलाई हेर्दा सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सङ्केतार्थ र सम्भावनार्थ गरी पाँचवटा छन् भने वाक्य संरचनाका आधारमा हेर्दा सरल र जटिल वाक्यको प्रयोग यो पत्रिकाका समाचारमा प्रयोग गरिएको छ ।

पत्रपत्रिकामा प्रकाशित समाचारमा सहज भाषिक बुझाइको लागि कोड मिश्रणको प्रयोग गरिएको छ । पत्रिकामा प्रकाशित समाचारमा सरल र सहज भाषा शैलीको प्रयोग गरिएको छ । समचारको संरचनाअनुसार नै समाचार लेख्ने प्रयत्न गरिएको छ । पत्रिकामा प्रकाशित समाचारलाई अध्ययन गर्दा यी विभिन्न विषय क्षेत्रसँग सम्बन्धित भएकाले पनि पाठकको ध्यानाकृष्ट गरेको देखिन्छ । समाचारमा प्रयोग भएका वाक्यहरूमा अधिकांश कोड मिश्रण गरिएको छैन भने केही शब्दहरू कोड मिश्रणको रूपमा प्रयोग गरिएको छ । समाचारमा वर्ण विन्यासगत त्रुटिहरू भने अलिक धेरै नै देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत शोधको उद्देश्यमा अकार, प्रकार, शैली र विषयवस्तु, वाक्यकोटि, वाक्य ढाँचा, भाषा शैली, कोड मिश्रण जस्ता भाषिक विशेषताका अधारमा 'हाम्रो एकता' पत्रिकामा प्रकाशित समाचारमा प्रयुक्त नेपाली भाषाको अध्ययन गर्नु रहेको थियो । यस अनुसार २०७३ वैशाख १९ गतेदेखि साउन १६ गतेसम्मका वर्ष १२ र १३ का जम्मा १२ ओटा अङ्कमा पहिलो पृष्ठमा प्रकाशित ४५ ओटा समाचारहरूको अध्ययन गरी प्राप्त तथ्याङ्कलाई तालिकामा राखी प्रस्तुत गरिएको छ । तालिकाको तलपट्टी अध्ययनबाट प्राप्त भएका तथ्याङ्कहरूको विश्लेषण तथा उदाहरण प्रस्तुत गरिएको छ ।

हाम्रो एकता पत्रिकामा प्रकाशित पहिलो पृष्ठको समाचार खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ ।

विषयवस्तु र क्षेत्रगत हिसाबले हेर्दा विभिन्न विषय क्षेत्रसँग सम्बन्धित समाचार प्रकाशित गरेको पाइन्छ । आकारगत हिसाबले हेर्दा ठूला, मझौला र साना आकारका समाचारहरू छापिएको देखिन्छ ।

पत्रिकामा प्रकाशित समाचारहरूका प्रकारहरूमा आकस्मिक समाचार, पूर्व निर्धारित समाचार, अनुगमन समाचार र फिचर गरी निश्चित स्थानको चयन गरी प्रकाशित गरेको पाइन्छ ।

विषय क्षेत्र र सूचनाका आधारमा पूर्व निर्धारित समाचार बढी प्रयोग भएको पाइयो ।

पत्रिकामा प्रकाशित समाचारमा कालका अधारमा हेर्दा भूतकालभन्दा अभूतकालको प्रयोग वढी भएको पाइन्छ । 'हाम्रो एकता' पत्रिकाको वर्ष १२ मा १० ओटा र वर्ष १३ मा ४ गरी जम्मा १४ ओटामा भूत कालको प्रयोग भएको पाइन्छ र वर्ष १२ मा २५ र वर्ष १३ मा ६ ओटा गरी जम्मा ३१ ओटा समाचारमा अभूतकालको प्रयोग भएको पइन्छ ।

नेपालीमा क्रियापदले बुझाउने मुख्य पाँच पक्षमध्ये पूर्ण पक्षको प्रयोग बढी भएको छ ।

ध्रुवीयताको आधारमा हेर्दा समाचारमा करणको प्रयोग धेरै मात्रामा भएको देखिएको छ ।

भावको आधारमा समाचारलाई हेर्दा अन्य भावको प्रयोग भन्दा सामान्यार्थ भावको प्रयोग अत्यधिक मात्रनमा भएको छ ।

पत्रिकामा प्रकाशित समाचारमा जटिल वाक्यभन्दा सरल वाक्यको प्रयोग अधिक भएको देखिएको छ ।

भाषाशैलीका आधारमा हेर्दा सरल, सहज र औपचारिक शैलीको प्रयोग धेरै भएको देखिन्छ ।

भाषिक कोड मिश्रणका सन्दर्भमा हेर्दा कोड मिश्रण प्रयोग भएका समाचारहरू कम मात्रमा प्रयोग भएको पाइन्छ ।

## ५.२ सुझाव

### ५.२.१ नीतिगत सुझव

नेपाली लेख्य परम्परालाई सहज र सरल बनाउन नेपालीका विद्वान् र व्याकरणकारहरूले अन्धभक्ति र मोहलाई त्याग्नै पर्छ र सबैले बुझ्न सक्ने बनाउनुपर्छ ।

पत्रिकाले शीर्षकलाई अझ बढी प्रभावशाली बनाउन सकेसम्म वर्तमान काल र कर्तृवाच्यमै समाचार दिने कार्यमा ध्यान दिनुपर्छ ।

समाचारलाई पठनीय र आकर्षक बनाउन अखबारले सजिला र सर्वसाधरणले बुझ्ने गरी भाषा वा शब्दको प्रयोग गर्ने प्रवृत्ति विकास गर्नुपर्छ । झर्रा र मौलिक शब्द हुँदाहुँदै सर्वसाधारणले नबुझ्ने अङ्ग्रेजी शब्दको प्रयोगमा मोह अखबारले त्याग्नै पर्छ ।

नेपाली लेख्य भाषाको व्यवस्थामा सरल र सहज रूपले नियमितता कायम गर्नको लागि नेपाली भाषाका विद्वान् र व्याकरणकारहरूले सबैले बुझ्न सक्ने तथा सकेसम्म अपवादहरुलाई घटाउँदै विवादरहित सरल नियम बनाउँदा भाषागत केही समस्यामा सुधार हुने देखिन्छ ।

विभिन्न संस्थाले दिने पत्रकारिता तालिममा भाषिक ज्ञाता वा भाषविद्हरूद्वारा भाषासम्बन्धी तालिमको व्यवस्था गरेमा सुधार हुने देखिन्छ ।

पत्रिका प्रकाशन गृहले एक्लै वा अन्य प्रकाशन गृहसँग भाषा नियम निर्देशिका निर्माण गरी सोअनुसार भाषाको प्रयोग गरे गराएमा त्रुटिहरूमा प्रशस्त सुधार हुने देखिन्छ ।

कुनै पनि विषयमा पूर्ण हुनका लागि निरन्तर अध्ययन नै महत्त्वपूर्ण पक्ष मानिन्छ । मानक शब्दकोशहरू, वर्णविन्याससम्बन्धी नियमहरूको गहन अध्ययनलाई अद्यावधिक गर्नाले त्रुटिरहित बनाउन सहयोग पुग्ने देखिन्छ ।

असावधानीपूर्वक हतारमा टाइप गर्नाले पनि कतिपय अवस्थामा जानेकै विषयवस्तु पनि त्रुटिपूर्ण भएको पाइन्छ । धैर्य र सावधानीपूर्वक टाइप गरेमा पनि केही मात्रामा भाषालाई त्रुटिरहित बनाउन सहयोग पुग्ने देखिन्छ ।

पत्रकारिता भाषाका माध्ययमद्वारा  अभिव्यक्त गरिने आमसञ्चारको प्रभावकारी माध्यम हो । आम जनतामा शुद्ध भाषिक प्रवाहको लागि सम्पादक, संवाददाता र भाषासम्पादकहरूले निष्कर्षमा उल्लेखित त्रुटिहरुलाई मनन् गरी यसमा कडाइका साथ सुधार ल्याउनु पर्ने देखिन्छ ।

## ५.२.२ कार्यगत सुझव

समाचार लेखनका पनि आफ्नै प्रकारका भाषा शैली हुन्छन् । समाचार लेख्दा औपचारिक तथा सरल र सहज शैलीको अवलम्बन गर्नुपर्दछ । यसैले समाचारदाताले यसको शैली र प्रयुक्त वाक्य संरचनाका बारेमा जानकारी राख्नु पर्दछ ।

अध्ययन गरिएका समाचारहरूमा वर्णविन्यासका सामान्य नियम पनि प्रयोग गरिएको छैन । वर्णविन्यासगत त्रुटिहरुलाई पनि ख्याल राख्नु पर्दछ ।

पत्रिकालाई आकर्षक बनाउनतर्फ बढी ध्यान दिन थालेको भए पनि समाचारलाई पठनीय वनाउनेतिर ध्यान दिनु आवश्यक छ ।

समाचारको संरचनाअनुसार समाचार निर्माणमा समाचारदाता र सम्पादक चुकेको जस्तो देखिएकोले यसमा गम्भीर ध्यान जान जरुरी छ ।

समचारमा कोड मिश्रण शब्दभन्दा सरल र सर्वसाधरण पाठकले पनि बुझ्ने खालका भाषा र शब्दको प्रयोग गर्नु पर्दछ ।

समाचार लेख्दा वाक्यहरू छोटाछोटा बनाउनु अवश्यक देखिन्छ ।

## ५.३ सम्भावित शोधशीर्षकहरु

हाम्रो एकता साप्ताहिक पत्रिकाको सम्पादकीयमा रहेको भाषाको अध्ययन

हाम्रो एकता साप्ताहिक पत्रिकाको भाषामा प्रयुक्त वक्य गठनसम्बन्धी त्रुटिहरुको अध्ययन

शैली र संरचनाका आधारमा हाम्रो एकतामा प्रयुक्त भाषाको अध्ययन

सार्वजनिक सूचना पार्टीमा रहेको भाषाको अध्ययन

प्यूठानका एफ.एम. रेडियोहरुबाट प्रसारण हुने नेपाली भाषाको अध्ययन

भित्ते लेखनमा प्रयुक्त भाषाको अध्ययन

# सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज (२०४९) *समसामयिक नेपाली व्याकरण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

आचार्य, भानुभक्त र घमराज लुइँटेल (२०६५) *नेपाली पत्रकारिता,* काठमाण्डौ : प्रधान बुक्स हाउस

कँडेल, शुभशंकर (२०६३) *व्यवसायिक पत्रकारिता,* काठमाण्डौ : पैरवी प्रकाशन

खनाल, गङ्गा (२०६७) *रुपन्देही जिल्लाबाट प्रकाशित समाचारप्रधान पत्रिकामा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि. कीर्तिपुर

खनाल, चिरञ्जिवी र अन्य (२०५७) *सम्पादन सहयोगी,* काठामाण्डौ : नेपाल प्रेस इन्स्टिच्युट

खरेल, प्रेरणा (२०५८) *विरेन्दै केसरी अर्यालका व्याकरणको परिचय,* काठमाण्डौ : अक्षमण खरेल

खनाल, श्रीराम (२०७०) *आमसञ्चार र पत्रकारिता,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

घिमिरे, सोमनाथ (२०५७) *नेपाली पत्रकारितामा भाषिक प्रयोगको स्थिति,* काठमाण्डौ : नेपाल प्रेस इन्स्टिच्युट

ढुङ्गाना, गांगा (२०६५) *नेपाली दैनिक समाचार पत्रहरूमा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि.कीर्तिपुर

दाहाल, राजेन्द्र (२०६७) *नेपाली समाचार पत्रका विज्ञापन खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.वि. कीर्तिपुर

नेपाल, किशोर (२०५७) *नेपाली पत्रकारितामा भाषा,* काठमाण्डौ : नेपाल प्रेस इन्स्टिच्युट

पराजुली, कृष्ण प्रसाद (२०२३) *राम्रो रचना मिठो नेपाली,* काठमाण्डौ :सहयोगी प्रकाशन

पन्थी, मधुसूदन र ज्ञवाली शिवनारायण (२०६९) *कार्यमूलक नेपाली पत्रकारिता,* काठमाण्डौ : उन्नति प्रकाशन

बन्धु, चुडामणी (२०५२) *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाण्डौ : रत्न पुस्तक भण्डार

बस्नेत, श्रीरामसिंह (२०६४) *पत्रकारिताका आयाम,* काठमाण्डौ : पैरवी बुक हाउस

भण्डारी, पारसमणी र शालिकराम पौड्याल (२०६७) *सामाजिक तथा मनोभाषा विज्ञान,* काठामाण्डौ : विद्यार्थी पुस्तक भण्डार

भुसाल, केशव, (२०७०) *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन

रिजाल, पुस्करनाथ, (२०६८) *प्रायोगिक भाषाविज्ञान,* बागेश्वरी पब्लिकेशन प्रा.लि.

रेग्मी रेणु (२०६३) *दोस्रो भाषाका भाषाका रूपमा नेपाली भाषा सिक्ने कक्षा सातका विद्यार्थीहरुले गर्ने भाषिक त्रुटिहरूको अध्ययन,* त्रि.वि. कीर्तिपुर

लुइटेल, गुणराज र ध्रुवराज गौतम, (२०७०), *शैक्षिक नेपाली व्याकरण,* काठमाडौँ : भूँडीपुराण प्रकाशन

लामिछाने, यादवप्रकाश, (२०५३), *सामान्य र प्रायोगिक भाषा विज्ञान तथा नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

लुइटेल, गुणराज, (२०७१) *माध्यमिक नेपाली निबन्धमाला,* काठमाडौँ : भूँडिपुराण प्रकाशन

लुइटेल, प्रकाश, (२०६३), *नेपाल अन्तरिम संविधान (२०६३)* काठमाडौँ : शीतल सुलभ प्रकाशन

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, (२०६७) *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

श्रेष्ठ, कुलनरसिंह, (२०६३) *शिक्षा मनोविज्ञान,* काठमाडौँ : नवीन प्रकाशन

## सन्दर्भ शोधसूची

अधिकारी, सरितादेवी, (२०६७) सङ्केत पाटीमा लेखिएका शब्दहरूको त्रुटिविश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

कँडेल, होमनाथ, (२०६५), सरकारी कार्यालयमा टाँसिएका नागरिक बडापत्रमा पाइने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, भेषराज (२०५७), प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाको शीर्षकहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रिय विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, सरोज (२०६३), नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त भाषाको वर्णविन्यासको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गाना, गंगा, (२०६६), नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

नेपाल, शक्तिराज, (२०६६), नेपाल समाचारपत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

पोखेल, सुरेन्द्र, (२०६१), नेपाली राष्ट्रिय दैनिक अखबारका समाचारको भाषा तथा प्रस्तुतीकरणको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. काठमाडौँ ।

## परिशिष्ट

तालिका नं. १

| क.सं. | समाचारहरू |
|---|---|
| १ | आकस्मिक समाचारमा(एकता, १९ वैशाख) **पत्रकार याम थापा रहेनन् भन्ने समाचार रहेको छ ।** |
| २ | पूर्व निर्धारित विषय (एकता, १९ वैशाख) **भिङ्गृमा सूचनाको हक सम्बन्धी अन्तरक्रिया शीर्षकको समाचार ।** |
| ३ | अनुगमन विषय क्षेत्र(एकता, १९ बैशाख) **प्यूठानमा पाठ्यपुस्तक अभाव, विद्यार्थीको पठनपाठन प्रभावित** शीर्षकको समाचार । |
| ४ | पूर्व निर्धारित विषय( एकता, २ जेठ) मा**ओवादी शक्तिहरु संगठित, औपचारिक घोषणाको तयारी** शीर्षकको समाचार । |
| ५ | फिचर समाचार (एकता २ जेठ) **चुनढुङ्गा उत्खनन् गर्ने तयारीसँगै दलित बस्तिमा सन्त्रास** शीर्षकको फिचर । |
| ६ | पूर्व निर्धारित विषय(एकता, २ जेठ) **झिमरुक ज्योति बैंकको रुपमा सञ्चालन** हुने शीर्षकको समाचार । |
| ७ | अनुगमन विषय क्षेत्र( एकता, २ जेठ) **प्युठान अस्पतालमा शैया थप गर्न पहल सुरु** भन्ने शीर्षको समाचार । |
| ८ | पूर्व निर्धारित विषय(एकता, २३ जेठ) **५ बुँदे घोषणापत्र जारी गर्दै प्रदेश स्तरीय स्वर्गद्वारी मिडिया सम्मेलन** शीर्षकको समाचार । |
| ९ | पूर्वनिर्धारित विषय(एकता, २३ जेठ) **मोती उच्च मा.वि.को स्वर्ण महोत्सव, शिक्षाप्रेमीहरु सम्मानित** शीर्षकको समाचार । |
| १० | आकस्मिक विषय(एकता २३ जेठा) **बजेट दुरुपयोग गरिएको देउवाको आरोप** शीर्षकको समाचार । |
| ११ | पूर्व निर्धारित विषय(एकता, १६ जेठ) **अर्थमन्त्रीद्वारा साढे १० खर्बको बजेट प्रस्तुत** शीर्षकको समाचार । |
| १२ | अनुगमन विषय क्षेत्र(एकता, १६ जेठ) **प्युठानको विकास बजेट कछुवा गतिमा खर्च हुँदै** शीर्षकको समाचार । |

| | |
|---|---|
| १३ | अकस्मिक विषय(एकता, १६ साउन) **पहिरोले नेता केसी रहेनन्** शीर्षकको समाचार । |
| १४ | पूर्व निर्धारित विषय(एकता, १६ साउन) **स्वास्थ्यकर्मी श्रेष्ठलाई बिदाई** शीर्षकको समाचार । |
| १५ | अनुगमन विषय क्षेत्र(एकता, ९ जेठ) **प्यूठानमा पेट्रोलियम पदार्थ पसलमा छ्याप्छ्याप्ती पम्पमा छैन** शीर्षकको समाचार । |
| १६ | पूर्व निर्धारित विषय(एकता, ९ जेठ) **प्रचण्डको नेतृत्वमा माओवादी केन्द्रको घोषणा** शीर्षकको समाचार । |
| १७ | आकस्मिक विषय(एकता, ५ असार) **कोरियन भाषा परीक्षामा नक्कली परीक्षार्थी पक्राउ** शीर्षकको समाचार । |
| १८ | अनुगमन समाचार(एकता, ५ असार) **एस.एल.सी. नतिजा प्रकाशित प्यूठानका सामुदायिक विद्यालयको शैक्षिक स्तर भने अझै उठ्न सकेन** शीर्षकको समाचर । |
| १९ | आकस्मिक विषय(एकता, ९ साउन) **अविरल बर्षाका कारण जनजीवन प्रभावित** शीर्षकको समाचार । |
| २० | पूर्व निर्धारित विषय(एकता, ५ वैशाख) **भव्य समारोहबीच प्यूठानी तारा घोषणा** शीर्षकको समाचार । |
| २१ | फिचर समाचार(एकता, ५ असार) **विदेश बस्ने छोराहरुलाई पाठ सिकाउदै बृद्ध कृषक जि.सी.** शीर्षकको फिचर समाचार । |

स्रोत : एकता २०७३ बैशाख १९देखि साउन १६ सम्म प्रकाशित समाचार

यसको अध्ययन गर्दा विभिन्न विषय क्षेत्रका समाचारले फरकफरक क्षेत्रको सूचना प्रवाह गरेका छन् । नमुनाका रूपमा लिएका यस पत्रिकाका समाचारहरूमा सबैभन्दा बढी पूर्वनिर्धारित समाचारहरू छन् । त्यसपछि आकस्मिक, अनुगम र फिचर समाचार रहेका छन् । यस्ता समाचारहरूले विभिन्न क्षेत्र तथा विषयलाई समावेश गरी पाठकसामू सूचना प्रवाह गरेका छन् । पत्रिकामा प्रकाशित भएका समाचारहरुलाई हेर्दा सबै क्षेत्रका समाचारहरूलाई प्राथमिकतामा राखी सूचना सम्प्रेषण गरिएको छ ।

## व्यक्तिगत विवरण

नाम : जायश्वर जैसी

जन्म : २०४३/१२/१०

बुबाको नाम : छबिलाल जैसी

आमाको नाम : तारादेवी जैसी

ठेगाना : साविकको पुजा-९ लैसरा, प्युठान हाल गौमुखी गा.पा.-४

लिङ्ग : पुरुष

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

सम्पर्क नं. : ९८४७८६७०८१/९८६८२८०८१७

**शैक्षिक विवरण**

| क.सं. | अध्ययन गरेको शिक्षण संस्था र ठेगाना | उत्तीर्ण गरेको परीक्षा | परीक्षा उत्तीर्ण गरेको वर्ष | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री गौमुखी मा.वि., खुङ-ठुलाबेसी, प्यूठान | एस.एल.सी. | २०६० | द्वितीय | |
| २ | श्री महेन्द्र क्याम्पस, दाङ | आइ.ए. | २०६४ | द्वितीय | |
| ३ | श्री स्वर्गद्वरी क्याम्पस, प्युठान | वि.एड. | २०६७ | द्वितीय | |
| ४ | श्री स्वर्गद्वारी क्याम्पस, प्युठान | एम.एड. | २०७५ | अनुसन्धानमा | |